का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ३१
- १८ फागुन २०७६, आइतबार
- 1 March 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक




# मध्यावधि चुनाव हुन्छ !



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको विवादले मध्यावधि चुनाव हुने चर्चा सुरु भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीलाई पार्टीभित्र विवादमा तानिएकाले उनले संसद् भंग गरी मध्यावधि चुनाव गराउने सक्ने आकलन भइरहेको छ ।

मध्यावधि चुनावको चर्चा भइरहेका बेला गृहमन्त्री तथा नेकपाका सचिवालय सदस्य रामबहादुर थापाले मध्यावधि निर्वाचनको आकलन हल्ला मात्रै भएको दाबी गरेका छन् । गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई पोखरामा शनिबार सम्बोधन गर्दै गृहमन्त्री थापाले भने, 'कतिपय राजनीतिक विश्लेषकले यो अनुमान गरेका छन् । पार्टीको विवाद बढेर सदन विघटन हुने र मध्यावधिमा जानसक्ने कुरा अनुमान मात्रै हो । त्यसो हुँदैन ।'

**पार्टीको विवाद बढेर सदन विघटन हुने र मध्यावधिमा जानसक्ने कुरा अनुमान मात्रै हो ।**

उनले हाल नेकपामा देखिएको विवाद सामान्य बाँकी पृष्ठ २ मा

## नेकपा फुट्दैन



**मध्यान्ह संवाददाता**
नुवाकोट, १७ फागुन

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता झलनाथ खनालले पार्टी नफुट्ने दाबी गरेका छन् । शनिबार नुवाकोटको पुरानो सदरमुकाम नुवाकोटमा आयोजित तेस्रो जीवित कुमारी पूजा कार्यक्रममा खनालले भने, 'पार्टी फुटको हल्ला चलाउनु बेकारको कुरा हो । जसले यो हल्ला चलाई रहेका छन् उनीहरू नेकपा फुटोस् टुटोस् भनेर सपना देखिरहेका छन् । तर उनीहरूको सपनामा तुषारापात हुनबाहेक अरू केही हुनेवाला छैन ।' नेता खनालले पार्टी निश्चित कार्यदिशा, सिद्धान्त, नीतिको आधारमा बनेको जिकिर गर्दै अगाडि थपे, 'ती कार्यदिशा, नीति र सिद्धान्तको आधारमा बनेको पार्टी एकताबद्ध छ । यो एकताको प्रक्रिया अझै गहिरो बन्दै गइरहेको छ ।'

नेता खनालले एमसीसीको विवादका विषयमा पनि जानकारी गराए । उनले एमसीसी प्रतिवेदन केही दिनमा नै सार्वजनिक हुने बताए । एमसीसी जस्ताको तस्तै पास गर्न नसिकने बताउँदै नेता खनालले त्यसलाई सुधार गरेर पास गर्न सकिने बताए । उनले एमसीसीमा हाल भएका प्रावधानहरू अन्तर्गत पास गर्न सकिने सम्भावना नभएको दाबी गरे । उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभामा लाने विषयमा पार्टीको केन्द्रीय सचिवालयले सर्वसम्मत निर्णय गरिसकेको जानकारी दिए । यसैगरी, नेता खनालले अर्थमन्त्री एवं सूचना तथा सञ्चारमन्त्री युवराज खतिवडाबारे पार्टीले पछि सोच्ने जनाए ।

## यूएनमा नेपाली द्वन्द्वकालको बहस

काठमाडौं/मस- संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्को उच्चस्तरीय सत्रमा मानवअधिकार हेर्ने निकायकी प्रमुखले नेपालको संक्रमणकालीन न्याय गम्भीर मोडमा रहेको बताएकी छन् । जेनेभामा सम्पन्न सत्रमा मानवअधिकार उच्चायुक्तको कार्यालय ओएचसीएचआरकी प्रमुख मिशेल ब्याचलेटले नेपाल सरकारलाई संक्रमणकालीन न्याय प्रक्रियामा विश्वासको वातावरण बनाउन सुझाव दिइन् । त्यसका लागि सरकारले असल नियत लिएर द्वन्द्वपीडित र नागरिक समाज सम्मिलित बृहत् छलफल अघि बढाउनुपर्ने उनको सुझाव छ ।

लगभग १४ वर्षअघि सुरू भएको नेपालको शान्ति प्रक्रियाअन्तर्गत संक्रमणकालीन न्यायसँग जोडिएका विषयवस्तुमा उल्लेख्य प्रगति नहुँदा राष्ट्रसंघको पछिल्लो भनाइ आएको हो । उक्त बैठकमा नेपालको तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सहभागिता जनाएका



थिए । ज्ञवालीसँगको फेब्रुअरी २६ तारिखमा भेटेकी ब्याचलेटले शुक्रबार आफ्नो सम्बोधनमा नेपालसहित विभिन्न देशको मानव अधिकारको अवस्थाबारे चर्चा गरेकी थिइन् । नेपालबारे उनी संक्रमणकालीन न्यायको विषयमा मात्रै केन्द्रित भइन् ।

मंगलबार मानव अधिकार परिषद्को बैठकमा बोल्दै मन्त्री ज्ञवालीले द्वन्द्वकालका मानवअधिकार उल्लंघनका घटनाहरू हेर्ने सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा नयाँ पदाधिकारीहरू नियुक्त गरिएको र उनीहरूले आफ्नो काम पूर्णरूपमा अघि बढाएको बताएका थिए । मन्त्री ज्ञवालीले संक्रमणकालीन न्याय प्रक्रियालाई नेपालको शान्ति सम्झौता, सर्वोच्च अदालतको निर्देशन, अन्तर्राष्ट्रिय प्रतिबद्धता, द्वन्द्व पीडितको सरोकार र घरेलु यथार्थका आधारमा सम्बोधन गरिने बताएका थिए ।

**यसको अर्थ के हुनसक्छ ?**

नेपालको मानवअधिकार अवस्थाको बारेमा आगामी नोभेम्बर महिनामा अद्यावधिक समीक्षा हुनु अघि जिनिभामा उठेको सवाल अर्थपूर्ण हुनसक्ने कतिपय जानकारहरू बताउँछन् । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष पूर्वप्रधानन्यायाधीश अनुपराज शर्मा ब्याचलेटको भनाइलाई संक्रमणकालीन न्यायका सवालमा नेपालसँग रहेको विश्व समुदायको आशंका रूपमा हेर्नुपर्ने बताउँछन् । उनले द्वन्द्व पीडितहरूसँग विश्वासको वातावरण नबनेसम्म नेपालको संक्रमणकालीन न्याय अघि बढ्न नसक्ने बताए । शर्मा भन्छन्, "अघिल्लो वर्षको मानवअधिकार परिषद्को बैठकमा भाग लिँदा पनि परराष्ट्रमन्त्रीले संक्रमणकालीन न्यायको विषयमा बोल्दै कानुन संशोधन गर्ने कुरा गर्नुभएको थियो । तर त्यो अझै हुन सकेको छैन ।' शर्मा कानुन संशोधनमा प्रगति नभए मानवअधिकारको अवस्थाबारेको अद्यावधिक समीक्षाका क्रममा नेपालबारे प्रश्नहरू उठ्ने बताउँछन् । बाँकी पृष्ठ २ मा

## देउवाले तोके १३ विभाग प्रमुख

### पौडेलको आपत्ति, ५ जना केन्द्रीय कार्यसमितिको आमन्त्रित सदस्यमा मनोनित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहको असन्तुष्टिबीच सभापति शेरहादुर देउवाले १३ विभाग प्रमुखहरू तोकेका छन् । शुक्रबार पार्टी वरिष्ठ नेता पौडेलले आफ्नो पक्षको नाम दिन अस्वीकार थिए । त्यसको भोलिपल्ट अर्थात् शनिबार देउवाले विभागहरू गठन गरेका हुन् ।

संगठन विभाग प्रमुख गोपालमान श्रेष्ठ बनेका छन् भने प्रवक्ता विश्वप्रकाश शर्मा सूचना, सञ्चार तथा प्रचार विभागको प्रमुख तोकिएका छन् । यस्तै रमेश रिजालले संघीय मामिला, तथा प्रदेश समन्वय विभाग,



फरमुल्लाह मन्सुरलाई मुस्लिम, अर्जुनप्रसाद जोशीलाई स्थानीय तह समन्वय विभाग र आनन्दप्रसाद ढुंगानालाई वित्तीय तथा सहकारी संस्था समन्वय विभाग प्रमुखको जिम्मेवारी दिइएको छ ।

यस्तै अजय चौरसिया तराई-मधेश, शंकर भण्डारी तरुण, सीता गुरुङ अदिवासी जनजाति, गोविन्द भट्टराई नेपाल जनसम्पर्क, चीनकाजी श्रेष्ठ उद्योग ब्यापार र शिवप्रसाद हुमागाइ श्रमिक तथा ट्रेड युनियन विभागको प्रमुख तोकिएका छन् । यस्तै, देउवाले ५ नेतालाई केन्द्रीय कार्यसमितिको आमन्त्रित सदस्यमा मनोनित गरेका छन् । दाङका कृष्णकिशोर घिमिरे, झापाका गोपालकुमार बस्नेत र सुधीरकुमार शिवाकोटी, धनकुटाका मनोहर नारायण श्रेष्ठ र तनहुँका ध्रुव वाग्लेलाई आमन्त्रित सदस्य मनोनित गरिएको कांग्रेस केन्द्रीय कार्यलयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जनाएका छन् ।

## मर्यादित कामदार छनोटमा मौरिससको जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन १७

अफ्रिकी देश मौरिससले नेपाली कामदार भित्राउन चासो दिएको छ । तर, कामदार छनोट प्रक्रिया मर्यादित हुनुपर्नेमा उसको जोड छ ।

शनिबार रोजगारदाता संगठनका प्रमुख तथा प्रतिनिधिहरूसँगको छलफलका क्रममा मौरिसस पक्षले कामदार छनोट प्रक्रिया मर्यादित हुनुपर्ने विषय राखेको दक्षिण अफ्रिकाको प्रिटोरियामा रहेको नेपाली दूतावासले जनाएको छ ।

'शनिबार मौरिससमा रोजगारदाता संगठनका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल भएको छ,' दूतावासले छलफलबारे जानकारी दिँदै भनेको छ, 'छलफलका क्रममा मौरिससले कामदार छनोट प्रक्रिया मर्यादित हुनुपर्ने विषय उठाएको छ ।'

नेपाल र मौरिससबीच गएको वर्षको जुन महिनामा श्रम सम्झदारी भएको थियो । समझदारी भए पनि कामदार छनौटलगायत विषय टुंगिन बाँकी छ । मौरिसिससँग श्रम समझदारी भएको ८ महिना बितिसक्दा पनि दुई देशको संयुक्त कार्य दलको बैठक बस्न नसकेको कारण कार्यान्वयनको पाटो टुंगिन नसकेको हो ।

यहीबीच श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवसहितको टोली यतिबेला मौरिससमा छ । त्यहाँका श्रम, मानव स्रोत विकास तथा तालिम मन्त्री सुदेश सत्कम कालीचरणले श्रम समझदारी कार्यान्वयनको पाटो टुग्याउन मन्त्री यादवलाई पत्राचार गरेपछि नेपाली टोली मौरिसस पुगेको हो । यहीबीच नेपाली टोलीले थाती काम टुंग्याएर कामदार पठाउनेबारे छलफल गरिरहेको छ ।

दक्षिण अफ्रिकाको प्रिटोरियास्थित नेपाली दूतावासका अनुसार, मन्त्री यादव नेतृत्वको टोलीले मौरिससका श्रम मन्त्री कालीचरणसँग भेटवार्ता भएको छ । भेटका क्रममा श्रम समझदारीको प्रभावकारी कार्यान्वयनका लागि दुवै पक्षबाट निरन्तर सहकार्य गर्दै जाने बारेमा छलफल भएको छ । मर्यादित कामदार भर्नासँग सम्बन्धित प्रक्रिया तथा लागतबारे पनि दुई देशबीच बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

### अमेरिकाको कामादार भिसा खुला

काठमाडौं/मस- अमेरिकाले कामदार भिसा खुल्ला गरेको छ । एचवान बी भिसा खुल्ला भएसँगै यसको अनलाइन दर्ता पनि सुरु हुने भएको छ । अनलाइनमार्फत दर्ता अवधि मार्च १ को दिउँसो १२ बजेबाट सुरु हुने यूएससीआईएसले घोषणा गरेको छ । नेपाली समय अनुसार दिउँसो १२ बजेदेखि दर्ता खुल्ने र मार्च २० दिउँसो १२ बजेसम्म दर्ता गर्न सकिने युएससीआईएसले जनाएको छ ।

सन् २०२१ का लागि खुल्ने उक्त भिसाका लागि तोकिएको अवधिभित्र आवेदक र उनीहरूका प्रतिनिधिहरूले आवेदक र लाभग्राहीको विवरण भरेर अनलाइनमार्फत दर्ता गराउन सक्नेछन् ।

हरेक दर्ताका लागि यूएससीआईएसले कन्फर्मेशन नम्बर उपलब्ध गराउनेछ । उक्त नम्बर रजिस्ट्रेशन ट्र्याक गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

तर उक्त नम्बर केस नम्बर नभएका कारण यूएससीआईएसको केस स्टाटस हेर्न भने प्रयोग हुनेछैन ।

## भ्रमण वर्षको देश बाहिरका कार्यक्रम स्थगित



**मध्यान्ह संवाददाता**
काठमाडौं/ १६ फागुन

नेपाल भ्रमण वर्ष-२०२० का लागि विदेशमा हुने प्रचार प्रसारका कार्यक्रम स्थगित गरिएको छ । विश्वभर कोरोना भाइरस संक्रमणले भयावह रूप लिएपछि नेपालले विदेशमा हुने सबै कार्यक्रम तत्कालका लागि स्थगित गरेको हो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले कोरोना भाइरसको संक्रमणका कारण भ्रमण वर्ष-२०२० बारे विदेशमा हुने प्रबर्द्धनात्मक कार्यक्रम स्थगित गरिएको जानकारी दिए ।

'अब विदेशमा हुने नेपाल भ्रमण वर्षको कार्यक्रमहरू प्रबर्द्धनात्मक कार्यक्रमहरू केही समयका लागि स्थगित हुन्छ ।' उनले भने, 'जुनदिन परिस्थिति फेरिन्छ, यो संकटबाट दुनियाँले मुक्ति पाउँछ । त्यसपछि हामीले पुरै तयारीका साथ र सक्रियताका साथ विदेशको पर्यटन बजारमा प्रबर्द्धनात्मक कार्यक्रमलाई जोड्ने छौं । अगाडि बढाउँने छौं ।'

कोरोना भाइरसको संक्रमणले विश्वव्यापी रूपमा नै असर पारिरहेको भन्दै उनले भने, 'विश्वका ठूला बजारहरू यसबाट प्रभावित छन् । अमेरिकाको बजार प्रभावित छ । चीनको बजार प्रभावित छ ।' उनले बाँकी पृष्ठ २ मा

## धर्मनिरपेक्षतामा जनमत संग्रहको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

पूर्व पत्रकार रवीन्द्र मिश्रको नेतृत्वमा रहेको साझा पार्टीले संघीयता र धर्म निरपेक्षका विषयमा जनमत संग्रहको माग गरेको छ । लुम्बिनीमा शनिबार सम्पन्न साझा पार्टीको राष्ट्रिय भेलाले संघीयता र धर्मनिरपेक्ष विवादित बन्दै गएको भन्दै यी विषयमा जनमत संग्रह गर्न माग गरेको हो । भ्रष्टाचार र नीतिगत अराजकता अन्त्य गर्न भन्दै पार्टीले २०४६ सालदेखि उच्च राजनीतिक र प्रशासनिक पदमा बसेका सबैको सम्पत्ति छानबिन गर्नुपर्ने समेत माग गरेको संयोजक मिश्रले जनाएका छन् ।

छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्नुपर्ने पार्टीको भनाइ छ । यस्तै, सरकारी तलब लिने कर्मचारीहरूको युनियन खारेज गर्नुपर्ने र सांसद तथा जनप्रतिनिधिका नाममा वितरण हुँदै आएको बजेट रोकेर त्यो रकम शिक्षा क्षेत्रमा खर्च गर्नुपर्ने मागसमेत पार्टीले गरेको छ । त्यसैगरी, गरिबीको रेखामुनि रहेका मजदुर, किसान, सुकुम्बासी, विद्यार्थी र अन्य नागरिकलाई सक्दो सहुलियत दरमा खाद्यवस्तु उपलब्ध गराउन रासन कार्डको व्यवस्था गर्न पनि साझा पार्टीले माग गरेको छ ।

लुम्बिनी घोषणापत्र जारी गर्दै साझा पार्टीले आगामी एक वर्षको कार्ययोजनासमेत पारित गरेको छ । कार्ययोजनामा बाँकी पृष्ठ २ मा

**चाहियो**

**CTEVT बाट मान्यता प्राप्त ट्रेनिङ सेन्टर**

**बिक्री गर्न चाहनेले सिधा सम्पर्क गर्नु होला ।**

**लाइसेन्स मात्र भए पनि हुने ।**

**सम्पर्क नं.: ९८०१०५७८०७**

## मन्त्री गुरुङको पदावधिको १०० दिन

# ४९९ बालबालिकाको उद्धार

राजन बस्नेत/मध्यान्ह
दोलखा १७ फागुन

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले पदबहाली गरेको १०० दिनको उपलब्धी र आगामी कार्यदिशा सार्वजनिक गरेका छन् । मन्त्री गुरुङले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता र समाज कल्याण परिषदसँग सम्बन्धित उपलब्धी र भावी कार्यदिशा सार्वजनिक गरेका हुन् ।



मन्त्री गुरुङले मानव बेचबिखन तथा ओसारपसारमा पीडितको तत्काल उद्धार तथा संरक्षण गर्न सबै स्थानीय तहमा आल्पकालीन पुनर्स्थापना कोष स्थापनाको घोषणा गरेका छन् । मन्त्री गुरुङले आफुले १०० दिनमा महिला, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक र समाज कल्याणसम्बन्धी उल्लेख्य काम भएको जनाए ।

मन्त्री गुरुङले उक्त अवधिमा काठमाडौं उपत्यकाका सडकबाट १५१ बालक र २९ बालिका, सुनसरीको धरानबाट १३ बालक र एक बालिका, इटहरीबाट १० बालक, झापाको दमकबाट १२ बालक र दुई बालिका, सुर्खेतको वीरेन्द्रनगरबाट १८ बालक गरी जम्मा २३६ (२०४ बालक र ३२ बालिका) जना सडक बालबालिकाको उद्धार गरी विभिन्न पुनर्स्थापना केन्द्रमा बुझाइएको जानकारी दिए ।

मन्त्रालयले जोखिममा परेका ४९९ बालबालिकाको आपत्कालीन उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरेको छ । प्रदेशगत अपाङ्गता खेल परिसर निर्माणका लागि सातै प्रदेशमा स्रोत कक्षा सञ्चालन भएका १० सामुदायिक विद्यालय पहिचान गरी दश लाखका दरले रकम उपलब्ध गराइएको छ ।

त्यस्तै मन्त्रालयले लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत गरी लैंगिक हिंसामा परेका महिलालाई राहत दिने गरी सातै प्रदेश र ७५३ स्थानीय तहमा कोष स्थापना गर्न सशर्त अनुदान पठाएको मन्त्री गुरुङले जानकारी दिए ।

प्रगति विवरणमा भनिएको छ, 'दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका २९ जना गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरी स्वास्थ्य संस्थासम्म पुऱ्याइएको छ, थप चार जनालाई सम्बन्धित प्रदेश मन्त्रालयको समन्वयमा उद्धार गरिएको छ, यसबाट सुरक्षित मातृत्व प्रत्याभूत गर्न र बाल मृत्युदर घटाउन योगदान पुगेको छ ।'

मन्त्री गुरुङले लैंगिक हिंसा पीडितका लागि २१ अल्पकालीन सेवा केन्द्र सञ्चालन गर्न रु तीन लाखका दरले स्थानीय तहलाई अनुदान पठाइसकिएको जानकारी दिए । सोही अवधिमा हिंसा र कुरीति अन्त्यसम्बन्धी सन्देशमूलक वृत्तचित्र डोटेली भाषामा तयार गरी प्रसारणका लागि नेपाल टेलिभिजनसँग सम्झौता गरिएको छ भने छाउगोठमुक्त नेपाल अभियानअन्तर्गत सुदूरपश्चिम र कर्णाली प्रदेशका सांसद, सरोकारवाला मन्त्रालय, संघसंस्था र नागरिक समाज लगायतको सहभागितामा सुदूरपश्चिम प्रदेशमा बृहत् कार्यक्रम गरिएको छ ।

उक्त अवधिमा भारतका विभिन्न स्थानबाट पाँच जना मानव बेचविखन तथा ओसारपसार पीडितलाई उद्धार गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको बताइएको छ । साथै भारत र म्यानमा हुँदै मानव ओसारपसारका क्रममा भारतको मणिपुरबाट उद्धार गरिएका २१ महिलालाई परराष्ट्र मन्त्रालयमार्फत नेपाल ल्याउन पहल भइरहेको मन्त्री गुरुङले बताए । मानव बेचबिखन र ओसारपसारविरुद्ध कानुनी व्यवस्थालाई थप कडा बनाउन मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५ पहिलो संशोधनका लागि मन्त्रिपरिषद्मा पेश गरिएको उनले जानकारी दिए ।

उनले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि नियमावली तर्जुमा गरिने जानकारी दिँदै ज्येष्ठ नागरिकबाट ज्ञान, सीप र अनुभव लिने तथा राज्यबाट संरक्षण, सुरक्षा र सम्मान प्रदान गर्ने नीति तथा कार्यक्रमसमेत प्राथमिकताका साथ सञ्चालन गरिने जनाए ।

संघसंस्था व्यवस्थापन तथा परिचालन सम्बन्धमा एकीकृत नीति र कानून तर्जुमा गरी कार्यान्वयन गर्ने पनि मन्त्रालयको तयारी रहेको उनले जानकारी गराए । मन्त्री गुरुङले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्नाका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको चौथो बैठक बसी सर्वोच्च अदालतको आदेशानुसार पीडितलाई क्षतिपूर्ति प्रदान गरिएको जानकारी दिए ।

मन्त्रालयले विद्यमान अवस्थामा कार्यान्वयनमा रहेको पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशका, २०६९ लाई समयानुकूल परिमार्जन गर्न कार्यदल गठन गरी कार्यारम्भ गरेको छ । मन्त्री गुरुङले आगामी दिनमा ग्रामीण तथा शहरी क्षेत्रमा महिला उद्यमशीलता विकास र बजार व्यवस्थापन एवं मूल्य शृंखला कायम गर्दै दिगो आर्थिक सशक्तीकरण गर्ने योजना बनाइएको बताए ।

## लागुऔषध सेवन गरी सवारी चलाउने चालक पक्राउ

काठमाडौं/मस- नेपाल प्रहरीले मादक पदार्थ सेवन (मापसे) र लागुऔषध सेवन गरी सवारी चलाउने दुई चालकलाई पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त थानकोटले मापसे र लागुऔषध सेवन गरी सवारी चलाउने २७ वर्षीय सविन थापामगर र २५ वर्षीय केशर नेपालीलाई शनिबार छुट्टाछुट्टै स्थानबाट पक्राउ गरेको हो ।

पक्राउ परेका थापामगर मादक पदार्थ सेवन गरी बा२ख ४४६० नंको टिपर चलाउँदै गरेको अवस्थामा र नेपाली लागुऔषध गाँजा सेवन गरी बा१ख २७६८ नंको माइक्रोबस चलाउँदै गरेको अवस्थामा पक्राउ गरिएको वृत्तका प्रमुख प्रहरी नायब उपरीक्षक घनश्याम श्रेष्ठले जानकारी दिए । मापसे गरी टिपर चलाएका थापामगर चन्द्रागिरि नगरपालिका-१५ मा उत्तम राउतको घरमा क्षति पुऱ्याएर फरार रहेको अवस्थामा पक्राउ गरिएको श्रेष्ठले बताए। गाँजा सेवन गरी माइक्रोबस चलाउने नेपाली तनहुँबाट यात्रु बोकेर काठमाडौं आउँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । प्रहरीले नेपालीको साथबाट १५ ग्राम गाँजासमेत बरामद गरेको छ । पक्राउ परेका थापामगरलाई मुलुकी अपराध संहिता-२०७४ र लागुऔषध सेवन गरी सवारी चलाउने नेपालीलाई लागुऔषध नियन्त्रण ऐन २०३३ अनुसार अनुसन्धान गरिरहेको छ ।

### मध्यावधि...

भएको जिकिरसमेत गरे । पार्टी विवादका विषयमा उनले भने, 'राष्ट्रियसभामा उपाध्यक्ष वामदेव गौतमलाई पठाउने निर्णय पार्टीले गरेको छ । पठाउने सन्दर्भमा प्रक्रियागत कानूनी विषयमा मन्त्रिपरिषद्ले सिफारिस गर्ने हो । मन्त्रिपरिषद्ले राष्ट्रपतिलाई सिफारिस गर्छ । यो विवादभन्दा पनि विवादास्पद बनाइएको हो ।'

गृहमन्त्री थापाले केही दिनभित्रै नेपालको नक्सा सार्वजनिक हुने जानकारी दिए । सीमा विवाद अन्त्यका लागि भारतीय पक्ष पनि सकारात्मक भएको बताउँदै उनले विवाद टुंग्याउन अनौपचारिक प्रक्रिया चलेको र आन्तरिक तयारी लगभग पूरा भएको जनाए । उनले भने, 'छिट्टै कालापानी क्षेत्रसमेत समेटेर नक्सा जारी हुन्छ ।' उनले सीमा सुरक्षाको लागि ८७ बाट बढाएर १०४ वटा सीमा चेकपोस्ट खडा गरिएको जानकारी पनि दिए ।

### धर्म...

वर्षभरि संगठन विस्तारलाई जोड दिने र समान विचार राख्ने दलसँग एकता गर्ने घोषणापत्रमा उल्लेख छ ।

यसैगरी, पार्टीको राष्ट्रिय भेलाले २०७८ जेटमा पार्टीको महाधिवेशन गर्ने निर्णय पनि गरेको छ। पार्टी केन्द्रीय समितिको पुनर्संरचना गर्ने र २०७८ जेठ १५, १६ र १७ गते पार्टीको महाधिवेशन गर्ने लुम्बिनी घोषणा पत्रमा उल्लेख छ । लोकतान्त्रिक अधिकार र सम्बृद्धिका सपनाहरू पुरा गर्न सरकार असफल हुँदै गएको र मुख्य प्रतिपक्ष आफ्नो भुमिकामा चुकेको ठहर गरेको छ । यही कारण जनता निरास रहेको भन्दै साझा पार्टीले भनेको छ, सरकार र प्रतिपक्षी दुबैलाई जिम्मेवार हुन र जनतासँग गरेका वाचाहरू नबिर्सन गम्भिर ध्यानाकर्षण गराउछौं ।'

साझा पार्टीको राष्ट्रिय भेलाले कुनै पार्टीमा आबद्ध नभएका तथा आवद्ध भएर पनि विकल्पको खोजीमा रहेका व्यक्ति, समूह र पार्टीहरूसँग संवाद अघि बढाइने निर्णय गर्दै सहकार्य र एकताका लागि समेत आह्वान गरेको छ ।

### मर्यादित...

छलफल भएको छ ।

मन्त्री यादवले मौरिससका कृषि, उद्योग तथा खाद्य सुरक्षा मन्त्री महिनकुमार सिरुतनलाई पनि भेटेका छन् । भेटमा मौरिससको कृषि क्षेत्रमा नेपाली कामदारहरूको रोजगारी सम्भावनाबारे कुराकानी भएको दूतावासले जनाएको छ ।

**श्रमिकसाग भलाकुसारी**

यसैबीच, मौरिसस भ्रमणमा रहेका मन्त्री यादवले त्यहाँ रहेका नेपालीसँग भलाकुसारी गरेका छन्। भेटका क्रममा मन्त्रीले श्रमिकमाथि हुने व्यवहार र अवस्थाबारे जानकारी लिएका थिए ।

गोकर्ण विष्टको कार्यकालमा मलेसियासँगै अन्य देशमा कामदार पठाउने प्रक्रिया रोकिएको थियो । नयाँ श्रम गन्तव्य मुलुकहरूसँग समझदारी भए पनि प्रक्रिया टुंगिन सकेको थिएन । विष्टको बहिर्गमनसँगै यादव श्रम मन्त्रीका रूपमा भित्रिएपछि उनले वैदेशिक रोजगारसँग सम्बन्धित कामलाई गति दिएका छन्। यही सिलसिलामा मन्त्री यादव मन्त्रालयका सचिव विनोद केसीलगायतलाई लिएर मौरिसस गएका हुन्। यसपछि मन्त्री यादव जापानसमेत जाने बताइएको छ । वैदेशिक रोजगारमा परेको गाँठो र अविश्वास मन्त्री यादवको अग्रसरतामा हटेसँगै व्यवसायीहरू खुसी भएका छन्। मन्त्री मौरिसस जानुअघि विमानस्थलमा बिदाइका लागि पुगेर वैदेशिक रोजगार व्यवसायीहरूले सरकारसँगको सम्बन्ध सुध्रिएको सन्देश प्रवाह गरेका थिए ।

### यूएनमा...

अघिल्लो महिना नियुक्त भएका दुवै आयोगका पदाधिकारीहरूलाई द्वन्द्व पीडितको विश्वास जित्ने अवसर रहेको भन्दै शर्माले त्यसका लागि उनीहरूले सरकारलाई कानुन संशोधन गर्न दबाब दिनुपर्ने बताए। दुई सय ३४ जना द्वन्द्व पीडितले दायर गरेको एउटा मुद्दामा फैसला गर्दै सन् २०१५ को फेब्रुअरी २६ मा सर्वोच्च अदालतले द्वन्द्वकालमा भएका फौजदारी कसुरमा न्याय दिने प्राथमिक भूमिका अदालतको भएको आदेश दिएको थियो ।

उसले सत्य निरूपण तथा बेपत्ता छानबिन आयोगसँग सम्बन्धित कानुनमा आममाफी वा त्यस्ता अदालत नलैजाने अधिकारको व्यवस्थाले न्यायपालिकाको भूमिकालाई संकुचन गरेको भन्दै त्यस्ता सबै प्रावधान खारेज गरिदिएको थियो । द्वन्द्व पीडितहरू र अधिकारवादी संघसंस्थाहरूले सर्वोच्च अदालतको आदेशअनुसार कानुन र नियमहरूमा संशोधन गरिनुपर्ने माग गरिरहेका छन् ।

### भ्रमण...

भने, 'बर्लिनमा हुने आईटीबी मेला स्थगित भएको छ। जो विश्वमा हुने पर्यटनको ठूलो मेला हो ।'

अन्तर्राष्ट्रिय चासोहरूलाई ध्यान दिँदै नेपालले भ्रमण वर्षको ढाँचालाई परिमार्जन गर्न गइरहेको उनको भनाइ छ। 'सरकारले नेपाल भ्रमण वर्षको ढाचाहरूलाई बदल्ने सोचमा छ। र हामीले मन्त्रालयका तर्फबाट भनेका छौं ।'

अहिले सरकार भ्रमण वर्षको प्रचार प्रसारभन्दा पनि कसरी कोरोना संक्रमणबाट बच्ने भन्नेमा लागिरहेको उनले बताए । 'अहिले मन्त्रालय, नेपाल भ्रमण वर्ष सचिवालय, नेपाल पर्यटन बोर्ड र नीजि क्षेत्रका सम्पूर्ण पर्यटन व्यवसायी साथीहरू यो परस्थितिको नजिकबाट मूल्यांकन गर्ने, नेपालको पर्यटन बजारमा कमभन्दा कम असर कसरी पार्न सकिन्छ भन्नेमा ध्यान केन्द्रित गर्ने, आउने अनुकुल परिस्थितिको प्रतिक्षा गर्ने त्यसका निम्ति आन्तरिक तयारी जुट्ने भन्नेमा हाम्रो कार्यदिशा हुन्छ ।' उनले भने ।

अब भ्रमण वर्षको स्वरूपलाई परिवर्तन गरिने भन्दै उनले आन्तरिक पर्यटन प्रबर्द्धनलाई प्राथमिकतामा राखिने उनको भनाई छ । 'अब हामीले नेपाल भ्रमण वर्षको स्वरूपलाई केही बदल्ने निधो गरेका छौं। मुलतः बाह्य पर्यटनको प्रचार प्रसार भन्दा आन्तरिक पर्यटनमा हामीले जोड दिनुपर्नेछ।' उनले भने ।

## 'पत्रकारिता समाजको ऐना'

### वरिष्ठ पत्रकार अधिकारीलाई प्रताप स्मृति पुरस्कार



काठमाडौं/मस- यस वर्षको प्रताप स्मृति पत्रकारिता पुरस्कार-२०७६ बाट वरिष्ठ पत्रकार एवं अन्तर्राष्ट्रिय मञ्च मासिकका सम्पादक रामकुमार अधिकारीलाई सम्मान गरिएको छ। नेपाल पत्रकार मञ्चले ललितपुरको महांकाल गाउँपालिका, गोटिखेलमा शुक्रबार आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले अधिकारीलाई नगद पन्ध्र हजार एक रुपैयाँ सहित सम्मानपत्र प्रदान गरे ।

कार्यक्रममा बोल्दै अध्यक्ष आचार्यले नेपालको पत्रकारिता क्षेत्रले मुलुकको आर्थिक तथा सामाजिक विकास र राजनीतिक परिवर्तनमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको बताए। उनले कुनै पनि लोकतान्त्रिक मुलुकमा पत्रकारितालाई विभिन्न बाहानामा अंकुश लगाउन खोज्नु सैद्धान्तिक रुपमा समेत गलत भएको बताए। उनले भने, 'नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली पत्रकारिता क्षेत्र प्रत्यक्ष रुपमा साक्षी मात्र भएको छैन, अग्र मोर्चामा बसेर आन्दोलनमा सहभागी भएको छ। तर तीनै आन्दोलनमा सहभागी राजनीतिक दलहरु सरकारमा पुगेपछि भने नीतिगत, कानुनी रुपमा प्रेसलाई अंकुश लगाउन लागिपरेको देखिन्छ। यो कुनै पनि हालतमा स्वीकार्य हुनै सक्दैन ।'

पत्रकारिता पेशा समाजको ऐना पनि भएकाले सामाजिक सरोकारका विभिन्न मुद्दाहरुलाई नेपाली पत्रकारिता जगतले इमान्दारितापूर्वक आम पाठकका बीच पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नुपर्ने आचार्यले बताए ।

यस्तै कार्यक्रममा विशेष अतिथि नेपाल पत्रकार महासंघका महासचिव रमेश बिष्टले नेपाली पत्रकारिता क्षेत्रले मुलुकको राजनीतिक परिवर्तनमा योगदान दिएतापनि अहिले विभिन्न चुनौतीलाई सामाना गर्न बाध्य भएको बताए। उनले भने, 'राजनीतिक, सामाजिक र आर्थिक विकासमा समेत नेपाली पत्रकारिताले पहरेदारीको भूमिका निर्वाह गरिरहेको छ । तर प्रेसलाई अंकुश लगाउने काम हुनु भनेको लोकतान्त्रिक मूल्य र मान्यता विपरीत रहेको छ ।'

कार्यक्रममा महांकाल गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले ललितपुरको दुर्गम रुपमा रहेको महांकाल गाउँपालिका ऐतिहासिक र धार्मिक रुपमा समेत महत्वपूर्ण रहेकाले यसको प्रवर्द्धन गर्न सञ्चारकर्मीहरुको महत्वपूर्ण भूमिका हुने बताए। उनले राज्यको चौथो अंगले सही समाचार सम्प्रेषण गरेमात्र मुलुकको समृद्धिमा योगदान पुऱ्याउन सकिने बताए ।

यस्तै कार्यक्रममा सभापतिको आशनबाट बोल्दै नेपाल पत्रकार मञ्चका अध्यक्ष युवराज विद्रोहीले पत्रकारहरुको हकहित र बृत्ति विकासका निम्ति मञ्चले स्थापना कालदेखि नै विभिन्न रचनात्मक कार्यक्रमहरु आयोजना गर्दै आएको बताए । उनले पत्रकारको क्षमता अभिबृद्धि गर्दै निरन्तर रुपमा क्रियाशील हुनको निम्ति थप सहयोग पुगोस् भनेर हरेक वर्ष क्रियाशील पत्रकारलाई पुरस्कार प्रदान गरिँदै आएको बताए ।

सोही कार्यक्रममा पुरस्कृत व्यक्तित्व रामकुमार अधिकारीले आफूले प्राप्त गरेको पुरस्कार राशीलाई नेपाल पत्रकार मञ्चले पत्रकारहरुको राहतका निम्ति खडा गरिएको कोषमा हस्तान्तरण गर्ने घोषणा गरे ।

यसैगरी आगामी वर्षका लागि मञ्चका सदस्य बल्लभ भण्डारीको स्मृतिमा पन्ध्र हजार १ सय ११ नगद राशीको होमनाथ भण्डारी स्मृति पत्रकारिता पुरस्कार तथा क्यानडामा रहेका नेपाल पत्रकार मञ्चका सदस्य श्रीकृष्ण फुँयालको तर्फबाट आफ्ना पिताको स्मृतिमा नगद २५ हजार नगदसहित बुद्धिनाथ फुँयाल स्मृति पत्रकारिता पुरस्कारको घोषणा गरिएको थियो ।

सोही कार्यक्रममा मञ्चका सदस्य पत्रकारका परिवारका विद्यार्थीहरुलाई २५ हजार नगद बराबरको शैक्षिक सहायता प्रदान गर्ने घोषणा समेत गरिएको थियो । मञ्चले यसअघि प्रताप स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकारहरु टेकेन्द्र देउवा, मुकुन्द भण्डारी, अखण्ड भण्डारी, करुण अर्याल, यज्ञबहादुर ढकाल, आश्मिका गुरागाईं तथा चन्द्रमणि भट्टराईलाई सम्मानित गरिसकेको छ ।


## मलेसियामा रोजगार | कम्पनी : TENAGA TIUB SDN BHD
शहर : KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६०४ LT. No.: 234073

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

## कुवेतमा रोजगार | कम्पनीः AFRAH AL KHALEEJ ORIGINAL RESTAURANT COMPANY W.L.L.
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/११/१३ चलानी नं.: ६०१५२६९५ LT. No.: 233805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 2 | सम्बन्धित काममा दक्ष | 140 | ५२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Labour | 0 | 1 | | 100 | ३७,६६० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 March 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४
Gov. lic. No. 793/065/66
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com



## कतारमा रोजगारको अवसर | कम्पनीः SAURAV PROJECTS & SERVICES
शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६०६ LT. No.: 233893

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Representative | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 11 | 0 | | 900 | २८,४७५ | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ७९,१०० | | | | | | | |
| 4. | Tile Maker | 3 | 0 | | 1100 | ३४,८०५ | | | | | | | |
| 5. | Carpenter | 3 | 0 | | 1100 | ३४,८०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AJAMBARI HR SOLUTION PVT. LTD.**
श्रम इजाजत नं. ११५८/०७३/७४
Baneshwor-10, kathmandu, Tel .: 01-4384420
Email Id.: info@ajambarihr.com, ajambarihr@gmail.com



## अत्यन्त जरुरी सूचना

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस स्टर्लिङ्ग ओभरसिज प्रा.लि.(श्रम इजाजत पत्र नं. ६८१/०६३/०६४) मा विगतमा कार्यरत सबै कर्मचारीहरुलाई अवकाश दिइएको र हाल कुनै कर्मचारी नरहेको जानकारी गराउादछौं । साथै कम्पनीको संचालक बाहेक अन्य कसैसंग कम्पनीको नाममा कुनै पनि आर्थिक कारोबार नगर्नुहुन यसै सुचनाद्वारा अनुरोध गर्दछौं । यदि गरेमा कम्पनी जवाफदेहि हुने छैन ।**

STERLING OVERSEAS (P) LTD
श्रम ईजाजत नं. ६८१/०६३/०६४
**स्टर्लिङ्ग ओभरसिज प्रा.लि.**
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोन : ०१-४३८५६७३
फ्याक्स : ०१-४३८५६७४, Email : romansanwa@gmail.com



## जब वर्ल्ड ईन्टरनेशनल ओभरसिज प्रा.लि.को अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न श्रम ईजाजत प्राप्त **(श्र.इ.प.नं. ८४५/०६६/०६७)** रहेको यस **जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**को नाममा रुपन्देही जिल्ला राजमार्ग चौराह बुटवल-८, स्थायी ठेगाना भएको मिलन बुढाथोकीले यस प्रा.लि.को मार्केटिङ अफिसर हुँ भन्दै भिजिटिङ कार्ड समेत बनाई विभिन्न व्यक्तिहरुसँग वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै राहदानी संकलन गरी आर्थिक कारोबार समेत गरेको भन्ने सुन्नमा आएकोले यस प्रा.लि.को ध्यानाकर्षण भएको छ । निज बुढाथोकीसँग यस प्रा.लि.को कुनैपनि सम्बन्ध नरहेको र यस प्रा.लि.को कर्मचारी समेत नरहेको यसै सार्वजानिक सूचनाद्वारा जानकारी गराइन्छ । यस प्रा.लि.को कुनै पनि शाखा कार्यालय, सम्पर्क कार्यालय र एजेन्ट समेत नभएको पनि सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि कोही कसैले यस सूचनालाई बेवास्ता गरि निज वा अन्य अनाधिकृत व्यक्तिसँग गरिएको कारोवारप्रति यस कार्यालय जवाफदेही नहुने र कुनै पनि वैदेशिक रोजगार सम्बन्धी आर्थिक कारोवार गर्नु/गराउनु परेमा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न/गराउनुहुन पनि यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३, फ्याक्स: ४३८८३८१

## मन्त्री नेम्वाङको १०० दिने कार्यप्रगति

# सरकारले पुर्‍यो सडकका ९ हजार ५०० खाल्डाखुल्डी

**काठमाडौं/मस-** भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री बसन्तकुमार नेम्वाङले आफ्नो सय दिने कार्यप्रगति सार्वजनिक गरेका छन्। शनिबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी मन्त्री नेम्वाङले मन्त्रालय सम्हालेको एक सय दिन पुगेको अवसरमा मन्त्रालयबाट भएका मुख्य मुख्य कामहरुको विवरण सार्वजनिक गरेका हुन्।




एक सय दिनमा उपत्यकाभित्र रहेका ९ हजार ५ सयवटा सडकका खलडाखुल्डी पुर्ने कार्य भएको उनले बताए। यो सडकहरु खाल्डाखुल्डी र धुलोरहित बनाउने योजनामा प्राप्त भएको महत्वपूर्ण सफलता भएको उनले बताए। एक सय दिनको अवधिमा मर्मत समेत गरी उपत्यकामा २७ किलोमिटर सडक कालोपत्रे भएको मन्त्री नेम्वाङले बताए। हिउँदको भएकाले उल्लेखनिय मात्रामा कालोपत्रेको काम हुन नसकेपति प्राप्त उपलब्धी गौरवपूर्ण भएको र आर्थिक वर्षको अन्त्यसम्म थप ८५ किलोमिटर सडकहरु कालोपत्रे गर्ने लक्ष्य मन्त्रालयले लिएको उनले बताए।

मन्त्री नेम्वाङले कोटेश्वरको ट्राफिक जाम व्यवस्थापनका लागि अल्पकालिन र दिर्घकालिन समाधानका लागि मन्त्रालयले काम गरिरहेको बताए। अल्पकालिन अवस्थाका लागि चार लेनको सडक निर्माणकार्य अगाडी बढाइएको उनले बताए। सडक चौडा बनाउन दक्षिणतर्फ जग्गा प्राप्ती भइसकेको र उत्तरतर्फ जग्गा अधिग्रहको प्रक्रिया सुरु भएको उनले बताए।

मनोहरा कोरिडोरको सडकलाई समेत प्रयोगमा ल्याएर सवारी डाइभर्ट गर्ने बैकल्पिक मार्गको प्रयोग गरिने उनले बताए। चक्रपथ अन्तर्गत पर्ने ग्वार्को चोक, सातदोबाटो चोक र नख्खु चोकमा फ्लाईओभर निर्माणका लागि डिपिआरु तयारीका लागि परामर्शदाता छनोटको काम भइरहेको छ। सुर्यविनायक–धुलिखेल सडकलाई विस्तार गर्दै कोटेश्वर र जडिबुटी चोकको ट्राफिक जामलाई दीर्घकालिन रुपमा समाधान गर्न फ्लाइओभर र अण्डरपास निर्माणका लागि जापान सरकारसँग समुन्वय भइरहेको उनले बताए।

मन्त्रालयले उपत्यकाका १७ वटा चोकहरुमा ट्राफिक बत्ति जडान गरी सञ्चालनमा ल्याएको छ। बाँकी ६ वटा चोकहरुमा असारभित्र मर्मत गरी सचालनमा ल्याउने योजना मान्त्रालयले अघि सारेको छ। त्यसैगरी पैदलयात्रुलाई सुरक्षित रुपमा बाटो काट्नका लागि रिङरोडको बालकुमारी, सातदोबाटो र एकान्तकुनामा आकासे पुल निर्माण गरिएको छ। बल्खु, सानेपा, महालक्ष्मीस्थान र बानेश्वरमा थप आकासे पुल निर्माण डिजाइन सम्पन्न भइ ठेक्का व्यवस्थापनको प्रकृयामा रहेको छ। यसैगरी चक्रपथ विस्तारको दोश्रो खण्डअन्तर्गत कलंकी–महाराजगञ्जखण्ड विस्तार कार्यको प्रारम्भिक कामहरु अन्तिम चरणमा पुगेको छ। चक्रपथको तिनकुने–एयरपोर्ट–तिलगंगा सडक खण्डलाई ८ लेनमा स्तरोन्नती गर्न डिपिआएर तयार भएको छ।

मन्त्रालयले राष्ट्रिय गौरबका आयोजना निर्माणका कामलाई पनि तिव्रता दिएको जनाएको छ। मध्यपहाडी राजमार्ग अन्तर्गत १८ किलोमिटर सडक कालोपत्रे भएको छ। ६ वटा पुल निर्माण भएका छन्। हुलाकी राजमार्ग अन्तर्गत ४८ किलोमिटर सडक कालोपत्रे भएको छ। ५ वटा पुल निर्माण भएका छन्। कालिगण्डकी कोरिडोरमा ३३ किलोमिटर ग्रावेल सम्पन्न भएको छ। ३ वटा पुलहरुको निर्माण पनि सकिएको छ। कर्णाली राजमार्गमा ५ दशमलव ६ किलोमिटर ट्र्याक खोलिएको छ।

मन्त्रालयले मदनभण्डारी राजमार्थ अन्तर्गत यो अवधिमा २६ किलोमिटर सडक कालोपत्रे भएको छ। ११ वटा पुलहरु निर्माण भएका छन्। सयदिनको अवधिमा २ सय किलोमिटर सडक कालोपत्रे भएको छ। १ सय ३० किलोमिटर ग्रावेल भएको छ भने ६९ किलोमिटर नयाँ ट्र्याक निर्माणको काम सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

अहिलेसम्म सडक विभागबाट सञ्चालित योजनाहरुमा २४ दशमलव १३ प्रतिशत पूजिँगत खर्च भएको छ। लामो समयसम्म रुग्ण रहेका ठेक्काहरुलाई व्यवस्थापनका लागि सार्वजनिक खरिद नियमावदी २०६४ मा नवौं संशोधन भएपछि करिब १५ सय वटा ठेक्काको म्याद थप गरिएको छ। मन्त्रालय अन्तर्गत अहिलेसम्म कुल २२ दशमलव ८८ प्रतिशत पूँजिगततर्फको वित्तीय प्रगति रहेको छ।

## पत्रकारमा पेशागत दक्षता आवश्यक : उपप्रधानमन्त्री

**इटहरी/मस-** उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले पत्रकारमा पेशागत दक्षता आवश्यक रहेको बताएका छन्। प्रेस संगठन प्रदेश नं १ ले शनिबार इटहरीमा आयोजना गरेको प्रदेश भेला तथा शपथग्रहण कार्यक्रममा उनले पत्रकारले पार्टीको काम र पत्रकारिता पेशालाई बराबरीरूपमा अगाडि बढाउनुपर्ने बताए।



सरकार परिवर्तन भएको मात्र नभएर प्रणाली नै परिवर्तन भएकाले सरकारले निर्माणको कामलाई अघि बढाएको उपप्रधानमन्त्री पोखरेलले बताए। 'कृषिलाई व्यावसायीकरण र आधुनिकीकरण गर्ने काम गरेका छौँ, औद्योगिक क्षेत्रको निर्माणलाई प्रोत्साहन र ऊर्जा विकासको काम प्रारम्भ गरेका छौँ, हामी विकासका लागि योजनाबद्धरूपमा अघि बढिरहेका छौं,' उनले भने।

सरकारले पनि पार्टीको घोषित नीति र घोषणापत्रको कार्यान्वयनमा पहल गर्ने हो भन्दै उनले एउटा एउटाको पछि लागेर सरकारले कुरा गर्न थाल्यो भने भद्रगोलको स्थिति हुनेछ भने। पार्टी स्थायी कमिटी सदस्य तथा प्रदेश इन्चार्ज भीम आचार्यले जनतालाई सही सूचना पुर्‍याउने काममा पत्रकारले जोड दिनुपर्ने बताए। प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश सरकारले उल्लेख्य काम गरेको बताए।

कार्यक्रममा नेकपा प्रचार विभागका उपप्रमुख तथा प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापा, नेकपा प्रदेश अध्यक्ष देवराज घिमिरे, प्रेस संगठन केन्द्रीय अध्यक्ष महेश्वर दाहाल, प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्की, इटहरी उपमहानगरपालिकाका प्रमुख द्वारिकलाल चौधरी तथा नेपाल पत्रकार महासंघ प्रदेश नं १ का अध्यक्ष विक्रम लुइँटेलले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरेका थिए। प्रेस संगठन प्रदेश नं १ का संयोजक राजन केडीको अध्यक्षतामा सम्पन्न कार्यक्रमले सात बुँदे इटहरी घोषणापत्र जारी गरेको थियो।

## शान्ति निर्माणका लागि अन्तर्राष्ट्रिय युवा सम्मेलन

**नवलपरासी/रासस-** युवाहरुमार्फत शान्ति निर्माण तथा द्वन्द्व व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले पश्चिम नवलपरासीमा पहिलोपटक 'अन्तर्राष्ट्रिय युवा सम्मेलन-२०२०' हुने भएको छ।

नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै शान्ति अभियान नेपाल नवलपरासी शाखाको आयोजनामा हुन लागेको सम्मेलन आगामी जुलाई १५ देखि १७ गतेसम्म जिल्लाको सुनवलमा सञ्चालन हुनेछ। एशिया र अफ्रिका क्षेत्रका पन्ध्रभन्दा बढी देशबाट करिब १२० युवा सम्मेलनमा सहभागी हुने शान्ति अभियानका नेपालका जिल्ला अध्यक्ष अनुप न्यौपानेले जानकारी दिए।

यो सम्मेलनले नेपालको पर्यटन प्रवर्द्धनसमेत हुने बताउँदै उनले भने, 'अहिलेसम्म हामीलाई तीन हजार युवाको आवेदन प्राप्त भएकामा २६ जना छनोट गरेका छौं, १८ देखि ३९ वर्षभित्रका र आफ्नो देशमा शान्ति अभियानमा योगदान पुर्‍याएका युवालाई प्राथमिकता दिएका छौं।'

उनका अनुसार अहिलेसम्म नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, सोमालिया, सिङ्गापुर, मलेशिया, रोमानिया, साइप्रस, केन्या, ताइवान, इराकलगायतका देशबाट आउने सहभागीको निश्चित भएको छ। सम्मेलनमा नेपालको शान्ति निर्माण प्रक्रियाबारे जानकारी गराइनुका साथै विश्वमै द्वन्द्व व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा विभिन्न देशका विज्ञहरुबाट प्रशिक्षण गरिने अध्यक्ष न्यौपानेले बताए। शान्ति निर्माण र द्वन्द्व व्यवस्थापनमा युवाहरुले योगदान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्नु सम्मेलनको मुख्य उद्देश्य रहेको बताउँदै अभियानका महासचिव लिण्डाकला मगरले भने, 'तीनदिने सम्मेलनमा हामीले शान्ति निर्माणकर्ता युवाहरुलाई नेतृत्व विकस तालिम, योग, ध्यान शिविरका साथै द्वन्द्व र हिंसालाई कसरी व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा विभिन्न देशका विज्ञहरुबाट प्रशिक्षण दिनेछौं।'

सम्मेलनमा नेपाली लोकसंस्कृतिको प्रदर्शनी, लोकदोहोरी साँझ तथा नेपाली मौलिक खानाका परिकार खुवाइनुका साथै रामग्राम स्तूप, लुम्बिनी, त्रिवेणीधामलगायतका धार्मिक तथा पर्यटकीयस्थलहरुको समेत प्रत्यक्ष अवलोकन भ्रमण गराई पर्यटन प्रवर्द्धनमा सघाउ पुर्‍याइने अभियानकी कार्यक्रम व्यवस्थापक गीता ढुंगानाले जानकारी दिए।

दिगो विकास लक्ष्य प्राप्तिका लागि पनि शान्ति निमार्ण जरुरी रहेको बताउँदै उनले भने, 'सम्मेलनमा सहभागी हुनेमध्ये उत्कृष्ट दश युवालाई हामीले अन्तर्राष्ट्रिय युवा शान्ति पुरस्कार प्रदान गरिनेछ, संयुक्त राष्ट्रसंघमा आगामी सन् २०२४ भित्र विश्वमा शान्ति निर्माणका लागि एक करोड हस्ताक्षर बुझाउने अभियानको शुभारम्भ पनि यही सम्मेलनबाट गर्दैछौं।'

## नेपालबाट साइक्लिङमा सहभागिता जनाउने पहिलो मधेसी मुस्लिम नासीर

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, १७ फागुन

कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नम्बर १ का मस्जिद टोल निवासी नसीरुद्दिन गौरी (नासीर) एक सय किलोमिटरको साइक्लिङमा नेपालबाट सहभागिता जनाउने पहिलो मधेसी मुस्लिम बनेका छन्। नेपालगञ्ज साइक्लिङ क्लबको आयोजनामा भएको 'टुर दी ठाकुरद्वारा २०२०' मा पहिलोपटक कपिलवस्तुबाट ३६ वर्षीय नासीरले सहभागिता जनाएका हुन्।




विश्व साइकल यात्री पुस्कर शाहको पनि सहभागिता रहेको कार्यक्रममा नेपाल भरिबाट करिब १२० जना सहभागी थिए। उक्त कार्यक्रममा भारत र अस्ट्रेलियाका साइकल यात्रीको पनि सहभागिता रहेको थियो। टूर दी ठाकुरद्वारा कार्यक्रमको नेतृत्व विश्व साइकल यात्री पुस्कर शाहले गरेका थिए। टुर दि ठाकुरद्वारा पहिलोपटक सहभागी बनेका नासिरले यस्ता कार्यक्रमहरू कपिलवस्तुमा पनि आयोजना गर्न आवश्यक रहेको बताए। 'साइकल चलाउँदा व्यायाम हुने नै भयो स्वास्थ्यका लागि पनि फाइदाजनक छ' उनको भनाइ छ।

'स्वास्थ्य र वातावरणको लागि साइकल' भन्ने कुरालाई अभियानको रूपमा अगाडि बढाउन स्थानीय सरकारले समेत भूमिका खेल्न जरूरी रहेको नासिरको भनाइ छ। नेपालगञ्जबाट सुरु भएको यो यात्रा दुई दिनसम्म चलेको थियो। पहिलो दिन नेपालगञ्जबाट ठाकुरद्वारासम्म पुगेको यो टोली दोस्रो दिन ठाकुरद्वारादेखि चिसापानीसम्म पुगेर समापन भएको थियो।

## 'कलाकार र साहित्यकारको योगदानको प्रशंसा गर्दछु'

**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समेत कार्यभारसमेत सम्हालेका अर्थमन्त्री डा युवराज खतिवडाले कला, साहित्य र श्रव्यका माध्यमबाट समाजमा रहेका विसङ्गति र विकृति हटाउन ठूलो योगदान रहेको बताएका छन्।



जनचेनता नेपालको छैटौं वार्षिकोत्सवका अवसरमा शनिबार आयोजित सम्मान कार्यक्रममा उनले भने, 'राजनीतिक परिवर्तनका लागि मुलुकमा भएका ठूला जनआन्दोलनमार्फत नयाँ नेपाल निर्माणमा कलाकार र साहित्यकारबाट भएको योगदानको प्रशंसा गर्दछु।'

अर्थमन्त्री खतिवडाले लोकतान्त्रिक गणतन्त्रमा जनताका अपेक्षा पूरा गर्न नीति निर्माणमा बस्नेले के-कस्ता विषयमा ध्यान दिनुपर्छ भनी कलाकारले गर्ने खबरदारीले असन्तुष्टिलाई सम्बोधन गर्न र कमजोरी सच्याउन सहयोग पुगिरहेको उल्लेख गरे।

मनोरञ्जनभित्र पनि समाज सुधारका लागि महत्वपूर्ण सन्देश बोकेको हुनुपर्छ भन्दै उनले मुलुकको पहिचान र सम्पत्तिका रुपमा रहेका भाषा र संस्कृतिको संरक्षण एवं विस्तारमा साहित्य र कलाका क्षेत्रबाट विशिष्ट योगदान पुगिरहेको बताए।

सरकारले पत्रकार, कलाकार र साहित्यकारलाई जीवनवृत्तिका कार्यक्रम अघि बढाइरहेको बताउँदै अर्थमन्त्री डा खतिवडाले राज्यले समाजमा विविध क्षेत्रमा योगदान पुर्‍याउने स्रष्टाको योगदानलाई कहिल्यै बिर्सने छैन भने। सो अवसरमा मुलुकका विभिन्न विधामा उत्कृष्ट काम गर्ने ३० भन्दा बढी स्रष्टालाई सम्मान गरिएको थियो।

सम्मानित हुनेमा नेपाल टेलिभिजनका नायब महाप्रबन्धक रामेश्वर शुक्ला, अर्बुद्धरोग विशेषज्ञ डा सुदीप श्रेष्ठ, गीतकार उन्नति शीला बोहरा, चलचित्र निर्देशक ऋषि लामिछाने, अभिनेत्री सपना श्रेष्ठ, नायक विनोद श्रेष्ठ, पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडालगायत छन्।

समारोहमा सांसद कोमल वली, नेपाल चलचित्र संघका अध्यक्ष रवीन्द्र खड्का, जनचेतना नेपालका अध्यक्ष बालकृष्ण निरौलालगायतले कला र साहित्यका माध्यमबाट समाजमा विविध विषयमा जनचेतना प्रवाह गर्नेलाई सम्मान गर्ने परम्पराले यस क्षेत्रमा क्रियाशील व्यक्तिलाई प्रोत्साहन भएको बताए। उक्त संस्थाले सन्देशमूलक टेलिचलचित्र निर्माण गरी त्यसका माध्यमबाट समाज सुधारको काम गर्दै आएको छ।

## इन्डो–नेपाल सामाजिक मञ्चद्वारा कम्बल वितरण

**कपिलवस्तु/मस-** कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नम्बर १ बढ़ायामा इन्डो-नेपाल सामाजिक मञ्चले कम्बल वितरण गरेको छ। प्रत्येक वर्ष मञ्चले गरीब, दिव्यांग तथा असहाय व्यक्तिहरुलाई कम्बल वितरण गर्दै आएको छ।




मञ्चका अध्यक्षा, समाजसेवी एवं युवा नेता अकरम पठानको अगुवाईमा कम्बल वितरण गरिएको हो। कार्यक्रममा बोल्दै मञ्चका अध्यक्ष पठानले सबै देशवासीहरुले आ-आफ्नो जिल्लामा रहेका गरीब, दिव्यांग तथा असहाय व्यक्तिहरुलाई सहयोग गर्न अपिल गरे। उनले स्कुलहरुमा गएर गरिब, असहाय तथा विपन्न विद्यार्थीहरुलाई साइकल वितरण गर्ने लगायतका सामाजिक कार्य गर्दै आएका छन्।

उक्त कार्यक्रममा बृजेश कुमार गुप्ता, पवन यादव, अनित बढ़ाई, तरुण छेत्री, आरिफ खान, असलम खान, इक़रार खान, सोनू पासी, अजय कोरी लगायतको उपस्थितिमा गरिएको थियो।

## निर्मलाको हत्यारालाई कारबाही गरेरै छाड्छौं : मन्त्री शाह

**काठमाडौं/मस-** सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री प्रकाश बहादुर शाहले निर्मला पन्तको बलात्कारपछिको हत्या प्रकरणमा दोषी पत्ता लगाउनको लागि सुदुरपश्चिम सरकारले तदारुकताका साथ काम गरेको भएपनि अहिलेसम्म दोषी पत्ता लगाउन नसकेको बताएका छन्।

राजधानीमा आयोजित एक कार्यक्रममा उनले भने,'प्रहरी प्रशासनले पनि गम्भिर भएर अनुसन्धान गरेको हो। कतिपय घटनामा अनुसन्धानको लागि समय लाग्छ। अनुसन्धानको पाटो जटिल भयो। पीडितले न्याय पाउनुपर्छ। अनुसन्धानमा ढिलाई भएपनि अपराधीलाई कानूनी कठघरामा उभ्याइन्छ। दोषीलाई कारबाही गरिन्छ।'

उनले छाउपढी प्रथा उन्मुलनको लागि आफ्नो सरकार गम्भिर रहेको पनि विश्वास दिलाए। उनले भने, 'हामीले योलगायत केही प्रथालाई कलंकको रुपमा लिएको छ। अहिले यसबारेमा व्यापक जनचेतना भैरहेको छ। सरकारले उन्मुलनको लागि कानूनसमेत बनाएर अघि बढेको अवस्था छ।' उनले समग्रमा सुदूरपश्चिम सरकार सफल भएको दाबी गरेका छन्। शान्ति-सूरक्षा, अमनचयन कायम गर्न, सुशासन कायम गर्न र संघीयता कार्यान्वयनको लागि आफूहरुको सरकार सफल भएको उनको भनाई छ। उनले आफूहरु 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने अभियानमा जुटेको र सोहीअनुसार सशक्त भूमिका निर्वाह गरिरहेको पनि स्पष्ट पारे।

**साउदीमा रोजगार** | कम्पनी : AHMED A. ABU LESSA FACTORY
शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७६/११/१६ चलानी नं.: ६०१५२६७७ LT. No.: 234260

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**
कम्पनी : KABAYAN HYPER CENTRAL MARKET शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/११/१४ चलानी नं.: ६०१५२४६९ L.T. No.: 234051

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 15 | 15 | सम्बन्धित काममा दक्ष | 120 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 5 | 5 | | 150 | ५५,९१० | | | | | | | |
| 3. | Shelving Coordinator | 10 | 0 | | 170 | ६३,३६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगर सम्पर्क गर्नुहोला।

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### बोली र व्यवहारबीचको खाडल

प्रधानमन्त्री केपी शर्मा ओली राष्ट्रिय राजनीतिको उसै पनि केन्द्र विन्दु हुन् । देशको कार्यकारी प्रमुख, सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष र नेपाली राजनीतिको ऐतिहासिक पात्र भएकाले प्रधानमन्त्री ओली केन्द्रमा पर्ने नै भए । प्रधानमन्त्री ओलीको अभिव्यक्ति, कार्यशैली र जीवनशैलीबारे चर्चा हुनुलाई स्वभाविक मान्नुपर्छ । गएको फागुन ११ गते प्रधानमन्त्री ओलीले जन्मदिवस मनाए । सरकारी निवास बालुवाटारमा पहिलो चरणको केक काटेर प्रधानमन्त्री ओली पुर्खौली थलो तेह्रथुमको आठराई पुगे ।

आठराईमा धेरै पत्रकार पुगेका थिएनन् । प्रधानमन्त्रीको टोलीमा सरकारी आमसञ्चार माध्यमका पत्रकारहरू मात्रै थिए । तर, राष्ट्रिय आमसञ्चार माध्यममा खबर पठाउने स्थानीय पत्रकारहरू भने पहिलेबाट त्यहाँ तैनाथ थिए । उनीहरूले प्रधानमन्त्री ओलीको जन्मदिवस मनाउन गरिएको तयारीबारे केही दिन अगाडिबाटै खबरहरू लेखिरहेका थिए । जन्मदिनको अवसरमा आठराई गाउँपालिकाले दिएको सार्वजनिक बिदादेखि विवादास्पद यती कम्पनीका सञ्चालक केक लिएर हेलिकोप्टरमा आठराई पुगेको खबरसम्म स्थानीय पत्रकारहरूले लेखे । अझ पत्रकारहरूले भन्दा पनि प्रधानमन्त्रीले काटेको केकको तस्वीर स्वयं नेकपाकै कार्यकर्ताले सामाजिक सञ्जालमा पोष्ट गरे ।

यसपछि भने प्रधानमन्त्रीले काटेको केकबारे आलोचना तीव्र बनेको छ । विशेषगरी केकमा राखिएको नेपालको नक्सा काटिएको भनेर विपक्षी दल नेपाली कांग्रेसले त संसदमै कुरा उठाइसकेका छन् । बिहीबार प्रधानमन्त्रीकै दल नेकपाले गरेको बागमती प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रममा समेत प्रधानमन्त्रीले काटेको केकबारे तीव्र आलोचना भयो । यसको अर्थ प्रधानमन्त्री ओली मनाएको जन्मदिवस र काटिएको केकबारे राष्ट्रिय बहस नै चलिरहेको छ । प्रधानमन्त्री निकटकाहरूले अन्तराष्ट्रि अभ्यासअनुसार, देशको नक्सा भएको केक काटिएको प्रष्टोक्ति दिइरहेका छन् । तर, आलोचना गर्नेहरूले चित्त बुझाएको देखिँदैन ।

उसो त, प्रधानमन्त्री ओलीले पहिलो पटक जन्मदिवस मनाएका होइनन् । र, पहिलो पटक विवादित बनेका पनि होइन । ०७२ मा भारत भ्रमणका बेला प्रधानमन्त्री ओलीको जन्मदिवस परेको थियो । त्यसबेला दिल्लीमा बनाएको जन्मदिवसको विल सरकारको नाममा आएपछि नै विवाद भएको थियो । त्यसैले प्रधानमन्त्रीको जन्मदिवस हरेक पटक विवादास्पद बन्दै आएको छ । यसको कारण भने कम्युनिस्ट पार्टीका नेताहरूले मनाउने जन्म दिवसको शैलीलाई लिएर गरिएको छ । यो स्वभाविक पनि देखिन्छ । किनभने, कम्युनिस्टहरूको बोली र व्यवहारमा आकास जमिनको अन्तर देखिने गरेको छ । केही महिनाअगाडि मात्रै सादा जीवनशैली अपनाउनुपर्ने संहिता जारी गरेको नेकपाले यसबारे गम्भीर बहस गर्नैपर्नेछ । होइन भने यस्ता अनेक प्रश्नले नेकपा र प्रधानमन्त्री ओलीलाई छाड्ने छैन ।

## सामाजिक सञ्जाल




प्रतिसोध भन्नेकुरा कहाँबाट आयो फेरि ? उनले त स्वेतपत्र होइन अस्वेतपत्र भन्या रेछ्न त । कि मैले गडबड सुने ?

-सागर न्यौपाने



छानबिन गर्नु, सत्य तथ्य पत्ता लगाउनु, आरोप सिद्द भए सोही बमोजिम सजाय दिनु भनेर बोल्नु त कता हो कता ! उल्टै त्यो आवाज नै बाँस्कोटाको होईन भन्दिनु भएछ प्रधानमन्त्री ज्यूले ! यसरी आफै नाङ्गिने काम नगरे हुने ।

–श्री ५ काले




कुनै बेला पञ्चायत व्यवस्थाविरूद लडने, देशमा गणतन्त्र ल्याउन सक्ने नेता देश ले जन्माय छ । त्यसपछिका दोश्रो तहका नेता देख्दा ताजुब लाग्छ, अहिले त आफ्नै पार्टीभित्र नेतृत्वलाई प्रश्न सोधन नसक्ने, चुनौती दिन नसक्ने–हामी नेतृत्व गर्छौं भन्न नसक्ने कस्तो भएछ दोश्रो पुस्ता ।

- प्रदीप परियार



अप्रत्यक्ष कर उपभोक्ताले तिर्छन् । आय, सम्पत्ति जस्ता करको मात्रै भार हस्तान्तरण गर्न मिल्दैन भनेर कलेजमा पढाउने वहाँहरू नै हो । राजनीतिमा अर्कै हुनि रछ कि कुन्नी ?

- मुरारी पराजुली

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# पद ठूलो कि सेवा ?



■ यमुना अर्याल



> 'यतिसम्म निष्ठुरी हाकिम हुन्छन् भन्ने पहिलोपटक थाहा पाएँ, ५ वर्ष गैरसरकारी संस्थामा काम गरें कुनै दिन यस्तो अपमान भोग्नु परेन, सरकारी जागिरमा महिलाको समस्या सजिलै बुझिएला, महिलालाई काममा सहुलियत होला भनेर यति दुस्ख गरेर पढैं हाकिमले यति मुटुमा बिज्ने गरी वचन ओकले त्यो सम्झँदा मनै मर्छ ।

**घटना १**

केही समयअघि सरकारी संस्थामै कार्यरत एक जना साथीले गुनासो पोखिन्, 'मेरा श्रीमान् काठमाडौं बाहिर छन् । दुई बच्चा र म काठमाडौंमा छौं । प्राविधिक सिफ्टको मेरो ड्यूटी रातको समयभन्दा अरु बेलामा सार्दिनुस् न, बच्चालाई स्कुल ल्याउन लैजान समस्या भयो, हेर्दिने कोही पनि छैन, यत्ति बिन्ती लिएर हाकिम सा'बकोमा गएको काँचै खाउँला जस्तै गरे ।

'ए ! त्यस्तो समस्या भए बच्चा अफिसमा ल्याउनुस्, काम गर्नुस्, जसरी भए पनि आफ्नो ड्यूटी त पूरा गर्न पर्‍यो नि' हाकिम कड्किएछन् । उमेरमा आफ्नो बुबा समानको मान्छे, काममा अनुभवी कसो सहयोग् नगर्लान् भन्ने विश्वास लिएकी साथी हाकिमको जवाफले बिलखबन्दमा परिन् ।

'सरकारी कार्यालयमा पनि यतिसम्म पेलिनुपर्छ, यतिसम्म हाकिमहरू निर्दयी हुन्छन् भन्ने अनुभव पाँच वर्षको जागिरे दौरानमा बल्ल थाहा पाएँ' साथी झन् दुस्ख पोख्दै गइन् । उनका पीडाले आफैंलाई नमिठोसँग घोचिरहयो । 'मेरा श्रीमान् काठमाडौंमा हुँदा वा कोही आफन्त बच्चासँग साथै हुँदा रातको दस बजे आउनुपर्‍यो भन्दा पनि म तयार छु, काम गरिराखेकै छु, मेरो ड्यूटी नै प्राविधिक फिल्डको हो म बुझ्छु तर मलाइ समस्या पर्‍यो भन्दा बच्चा लिएर ड्यूटी गर भन्ने हाकिमको आत्मा छ कि छैन ? यो गुनासो कहाँ पोख्न जाने ? रातदिन घोटिएर पढेर नाम निकालेर खाएको जागिर हो कसैको कृपाले खाएको त होइन नि । तल्लो तहका कर्मचारी के मान्छे होइनन् ? उनीहरूको घर, परिवार, आफन्त कोही हुँदैनन् भन्ने ठान्छन् कि खै'? साथीले एकपछि अर्को दुखका पोका फुकाउँदै गइन् ।

'ट्रेड युनियनमा लागेका, अलि पावरको फुइँ लगाउनेहरूले कामै नगरे पनि हाकिमको नजरमा राम्रो हुन्छन्, उनीहरूले जे चाह्‍यो हाकिम साब त्यही गर्न तयार हुन्छन् तर म जस्ता कतै पावर नहुने, पहुँच नपुग्नेहरूको सामू भने उनीहरूको आत्मा पत्थर बन्छ। मेरो ठाउँमा उनकी छोरी हुन्थी भने बच्चा लगेर अफिसको रातिको ड्यूटी गर भन्न सक्थे होला कि के गर्थे ? मैले रातिको ड्यूटीमात्रै हेरफेर गर्दिनु भनेको हो कामै गर्दिनँ भनेको पनि छैन नि' ।

यही कुराले ती साथी धेरै दिनसम्म मानसिक तनावमा परिन् । आफूले जागिर खाने कि जागिरले आफूलाइ खाने निकै दोधारमा छु म साथीको नैराश्यपूर्ण भावनाले आफैलाई नमज्जा लागिरहयो । हाकिम साबले यत्ति कामलाई सहजीकरण गर्दिएको भए के फरक पर्थ्यो होला र ? ती साथीको रातिको ड्यूटी दिउँसो पार्दैमा कार्यालय उथुलपुथुल त पक्कै हुँदैनथ्यो होला । तर के गर्नु यहाँ जे गर्छ पद र पावरले मात्रै गर्छ साथी तिमी हामी सबै उस्तै हौं ढाडस दिनु बाहेक कुनै विकल्प थिएन आफूसँग पनि । हाकिम बन्नुभन्दा पहिले मान्छे बनिदिएको भए... सायद साथीले यो गुनासो पोख्ने थिइनन्।

**घटना २.**

एक जना चिनेकै दाइ काठमाडौंकै एउटा सरकारी कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत थिए । हाकिम भर्खर अफिस आइपुगेका थिए ती दाइको मोबाइलको घन्टी बज्यो । डेरामा प्रसूती हुने महिना लागेकी श्रीमतीलाई एक्लै छोडेर अफिस गएका दाइको सातो गयो, ल केही गाह्रो पो भयो कि ? बिहानै अफिस आएका दाइले हतारहतारमा फोन उठाए, श्रीमती बिसन्चो भएजस्तै भावमा बोलिन् । भर्खर नयाँ ठाउँमा कोठा सरेको, यसो हेरचाह गर्दिनु भन्न पनि कोही चिनेको छैन, तुरुन्तै अस्पताल पुर्‍याउनु पर्ने भयो, एक पटक हाकिमलाई बिन्ती गरेछन्, 'हाकिम साब मेरो श्रीमतीलाई अस्पताल पुर्‍याउनु पर्ने भयो, लोकल गाडीमा जाँदा धेरै समय लाग्छ, भनेको बेलामा ट्याक्सी पनि पाइँदैन, आधा घण्टाको लागि गाडीमा जान सक्छु सर ?.., हतास मुहार अनुनय गरेका दाइतर्फ नहेरिकनै हाकिम साब आफ्नो काम गरिरहे ।

उता दाइको होसले ठाउँ छोडिसक्यो, छट्पटी भइसक्यो, के गर्ने ? के गर्ने ? मन बेचैन भए पनि हाकिमको तोलाको बचन कुरिरहे, ड्राइभरले त भनेकै थिए, एकवचन हाकिमलाई सोध म पुर्‍याइदिइहाल्छु नि भनेर तर हाकिम साब केही बोलेनन् । धेरै बेरपछि जवाफ फर्काएछन्, 'एकछिनलाई गाडी दिन त हुन्थ्यो एक बजे मलाई मिटिङमा जानु छ के गर्ने होला' ? भर्खर ११ बज्दैथ्यो दाइ केही नभनी, अँध्यारो मुहारमा बाटो लागे । बाटोमा निस्किएर गाडी कुरे बल्लतल्ल आयो, गाडी चढे जहाँ जाम पर्छ त्यहाँ ओर्लिए बाटो क्रस गरेर फेरि अर्को गाडी चढे, ट्याक्सी पनि पाइएन, 'तीन वटा गाडी फेरेर डेरामा आएँ । श्रीमती रोइरहेकी थिइन्, श्रीमतीको त्यो हालत देख्दा मेरो पनि आँसु आयो' दाइले दुखेसो पोखे ।ट्याक्सी खोजेर अस्पताल पुर्‍याउँदै थिएँ, हाकिमको गाडी देखें, मलाई एक बजे मिटिङ जानु छ भनेको हाकिमको गाडीमा हाकिमका श्रीमती, छोराछोरी सजिसजाउ भएर कतै पार्टीको लागि त्यहीँ बाटो भएर जाँदै थिए । 'हाकिम साब तपाईको मिटिङ यही रहेछ, आज म जस्तो तल्लो तहको कर्मचारीप्रति जुन व्यवहार गर्नुभयो बाँचुन्जेल सम्झिरहनेछु । धन्न भगवान् मेरी श्रीमतीलाई केही भएन, आमा र बच्चा बचाउन पाए तर हाकिमले दिएको चोट कसरी बिर्सौं ? मेरी श्रीमतीको ठाउँमा तपाईकी श्रीमती भएको भए ? पद होइन महोदय मान्छे बन्न सिक्नुस्, मेरो भन्नु यतिमात्रै छ धनी मर्दा पार्थिव शरीर बन्छ तर गरिब मर्दा लास, तिम्रो मेरो शरीर उस्तै हो हाकिम महोदय त्यही एकमुठी सास' दाइले यत्ति भने ।

सरकारी सुविधाको गाडी हो, तपाईका आफन्तलाई भोजभतेरमा लैजान हुने, तपाईकै कार्यालयको कुनै कर्मचारीको जिन्दगीसँग जोडिएको सवालमा एकैछिन गाडी दिँदैमा तपाईको सर्वस्व हुने हो र ? तपाईका आफन्तको पार्टीभन्दा ठूलो ती करारमा कार्यरत दाइकी श्रीमतीको जिन्दगीको सवाल होइन र ? यस्ता कुरामा कहिले ध्यान जाने ?

**घटना ३**

केही समय पहिले मेरो साथीको दाइ सवारी दुर्घटनामा परे। दुर्घटना भन्नासाथ साथीको होस् उड्यो, आत्माले ठाउँ छोडिसक्यो । बाउआमा गाउँमै, यहाँ दुई जना दाइबहिनी मात्रै काठमाडौंमा बस्ने, दाइ कार्यालयबाट डेरातर्फ फर्कंदा दुर्घटनामा परेछन्, कसैले अस्पताल लाँदै गरेको जानकारी गराए, अफिसबाट फर्कंदै गरेकी साथी आकुलब्याकुल भएर अस्पताल पुगिन् ।

साथीले सुनाएको अप्रिय खबर सुनेपछि हामीहरू पनि हतारहतार अस्पताल पुग्यौं । अस्पतालको बेडमा दाइ रक्ताम्मे अवस्थामा थिए, होस् थिएन, जतिसक्दो चाँडो अपरेशन गर्नुपर्छ भन्दै थिए डाक्टरले । अपरेशनको लागि पैसा धरौटी राख्नुपर्ने त्यो पनि थोरै होइन, भन्दाबित्तिकै हामी कोही पनि एटिएम बन्न सक्दैनौं नि तर अस्पताल प्रशासन यति कठोर बन्यो कि छिटो पैसा डिपोजिट गरिहाल्नुस् अपरेशन ढिलो गर्‍यो भने रिक्स हुन्छ, फिफ्टी फिफ्टी छ, केश अलि जटिल छ । जसरी पनि दाइ बचाउनु छ, पैसा भन्नासाथ कहाँबाट ल्याउने, डाक्टर साब हाम्रो दाइको अपरेशन गर्दिनुस् हामी पैसा जुटाइहाल्छौं, साथी रोइन्, कराइन, हामीहरू पनि अनुनय विनय गर्‍यौं तर कसले सुन्ने ? डाक्टर, नर्सहरू त पत्थरै बन्दा रहेछन्, उनीहरूका आफन्त बिरामी पर्दैनन् जसरी ।

लागेको खर्च जहाँबाट जसरी भए पनि तिर्छौं भनेकै छौं तर उनीहरू भने पैसा जम्मा नभएसम्म अन्तिम अवस्थामा पुगेको बिरामीको अपरेशन गर्न सक्दैनन् । मानवीयता कहाँ गयो ? अस्पताल, डाक्टर, नर्स के का लागि ? दुर्घटना, कुनै पूर्वजानकारी गराएर हुँदैन भन्ने पक्कै उनीहरूलाई पनि थाहा छ तै पनि किन यस्तो व्यवहार गर्छन् । सबै आफन्तलाई फोन गरेर, हार गुहार गर्दै एक, दुई हजार जम्मा पार्दै दाइको अपरेशन गर्ने पैसा जम्मा पार्‍यौं, दैवसंयोग दाइको अपरेशन सफल भयो । मान्छेको ज्यानभन्दा पैसा ठूलो भएपछि कस्को के लाग्छ र ? डाक्टर भन्दा पहिले मान्छे बन्ने कहिले ? यो प्रश्न मनमा घोत्लिरहयो ।

**घटना ४**

अर्थशास्त्रमा मास्टर्स सकाएकी रमा शर्मा (नाम परिवर्तन) आमा नबन्दै गैरसरकारी संस्थामा जागिरे थिइन् । उनले महिनामा चालिस हजार तलब थाप्थिन्, श्रीमान् पनि गैरसरकारी संस्थाकै माथिल्लो पोस्टमा काम गर्थे । दुवैको कमाइ राम्रो थियो, बिहे भएको दुई वर्षपछि रमा जुम्ल्याहा बच्चाको आमा बनिन् । आमा बनेपछि उनले जागिर त्यागिन् । बच्चा एक वर्षका भएपछि उनलाई सरकारी जागिर खाने रहर जाग्यो । बच्चा हुर्काउँदै लोकसेवाको अध्ययन गर्न थालिन्, भाग्य र मिहिनेतले जित्यो उनले सुब्बामा नाम निकालिन् । घर सम्हाल्दै जुम्ल्याहा बच्चा हुर्काएर पनि हजारौं प्रतिस्पर्धीको भीडमा रमा अब्बल प्रतिस्पर्धी बनेर उदाइन् । उनको नाम अगाडि नै निस्किएको थियो, दुई बच्चा छन्, श्रीमानको जागिर काठमाडौंमै छ, काठमाडौंबाटै नाम निकालेपछि नजिकै पोष्टिङ पाइएला भन्ने लागेको थियो रमालाई । जब नियुक्ति पत्र समाइन् मन अमिलो भयो रमाको । लोकसेवा आयोगमा अगाडि नाम निकाल्नेहरूलाई ठाउँ रोज्न लगाइन्छ तर सार्वजनिक संस्थानमा त्यो नियम रहेनछ, अगाडि नाम निस्कँदा पनि उनको पोष्टिङ उपत्यका बाहिर भयो ।

जागिर नखाउँ भने बल्लतल्ल दूधे बच्चाको समय चोरेर पढेको लगानी छ, खाउँ भने श्रीमान् काठमाडौंमा, जुम्ल्याहा बच्चा कस्को जिम्मामा छोडेर उति टाढा जागिर खान जाऊँ ? निकै दोधारमा परिन् रमा । घरसल्लाह गरिन्, अफिसमा पनि चिनजानका नेता भनिनेहरूलाई हारगुहार गरिन्, तोकेको ठाउँमा गएर हाजिर गर पछि काजमा राजधानीमै तान्छौं भन्ने ओठे आश्वासन दिए । माइतीमा बच्चा छोडेर म्याग्दीमा जागिर खान गइन् । एक महिना जसोतसो बिताएकी रमा फेरि हाकिमसँग हारगुहार गर्न आइन्, बिन्ती बिसाइन् तर हाकिम पत्थर बने पग्लिएनन् ।

रमाको एकोहोरो गुनासो सुनेका हाकिमले कुर्सी घुमाउँदै भनेछन्, 'हेर्नुस् रमाजी तपाई यहाँ जागिर खान आउनु भयो आफ्नो मर्जीले, तपाईले जागिर खोजेर आएको हो, जागिर वा यो अफिसले तपाईलाई खोजेको होइन । त्यही भएर जहाँ पोष्टिङ हुनु भा छ त्यही काम गर्नुस्, तपाईजस्ता बच्चाबालाको गुनासो सुन्न थाल्ने हो भने त महिला भर्ना बन्द गर्नुपर्छ' । यति वचनले रमाको मनमा ज्वारभाटा चल्न थाल्यो, एक शब्द नबोली हाकिमको कोठाबाट बाहिरिइछन् रमा । 'यतिसम्म निष्ठुरी हाकिम हुन्छन् भन्ने पहिलोपटक थाहा पाएँ, ५ वर्ष गैरसरकारी संस्थामा काम गरें कुनै दिन यस्तो अपमान भोग्नु परेन, सरकारी जागिरमा महिलाको समस्या सजिलै बुझिएला, महिलालाई काममा सहुलियत होला भनेर यति दुस्ख गरेर पढैं हाकिमले यति मुटुमा बिज्ने गरी वचन ओकले त्यो सम्झँदा मनै मर्छ । आखिर ती हाकिमकी छोरी, बहिनी, श्रीमती मेरै स्थानमा भएको भए पनि उनको वचन यही हुन्थ्यो होला त' ? रमाको प्रतिप्रश्न छ । लामो समयसम्म हाकिमका वचनको पीडाले डिप्रेसनको शिकार बनिन् रमा, परिवारको साथ र सर्पोटले विस्तारै आफैं सम्हालिन् थालिन् ।

रमा एउटी प्रतिनिधि पात्र हुन्, जुन महिला कर्मचारीको पहुँच छैन, पावर पुग्दैन उनीहरू सबभन्दा सुरक्षित, इज्जतदार मानिएको सरकारी क्षेत्रमै निकै प्रताडित हुँदै आएका छन् । महिला मात्रै होइन कतिपय स्थानमा पुरुष कर्मचारीहरू पनि हाकिमबाट निकै प्रताडित भएका खबरहरू सुनिन्छन् । तुलनात्मक रूपमा महिलाहरू बढी प्रताडित छन् । हाकिमहरू यति निर्दयी बन्छन् कि मानौं उनीहरूलाई कहिल्यै कुनै समस्या पर्दैन, उनीहरूको परिवारका महिला पात्रहरू समस्याविहीन छन् जसरी । सम्पूर्ण हाकिम साबहरूलाई रमाको आग्रह छ कृपया पद, ओहोदाभन्दा पहिले तपाई मान्छे बन्न सिक्नुस् ।

**घटना ५**

नाम नछाप्ने सर्तमा समायोजनमा परेका चिनजानकै लेखा अधिकृतले केही समयअघि गुनासो गर्दै थिए, 'नियमले भुक्तानी गर्न मिल्दैन, यो काम सरासर गैरकानुनी हो भन्ने मलाइ राम्रोसँग थाहा छ । त्यो कामको बारेमा हाकिम पनि जानकार हुँदै नभएको भन्ने त पक्कै होइन होला तर उनै हाकिमले कपिपय अवस्थामा यति दबाब दिन्छन् कि त्यो बेलामा मरिमरि पढेर नाम निकालेको जागिर निल्नु न ओकल्नु हुन्छ । हाकिमका कारण निकै तनाव हुन्छु कहिलेकाहीँ । हाकिमको आदेश नमान्दा आफू नराम्रो भइएला भन्ने पिर आदेश मान्दा कतिबेला कहाँ फसिएला भन्ने त्रास, यस्तो त्रासमा काम गर्दा मानसिकतामा कस्तो प्रभाव पर्छ ? घरपरिवारमा पनि राम्रोसँग खुलेर कुरा गर्न सकिँदैन, मनमा जतिबेला पनि जागिर र हाकिमकै तनाव हुन्छ' । यी अधिकृतको मात्रै होइन समायोजनमा परेका लेखा अधिकृतहरूले मन्त्रालयमै धाएर गुनासो गरेका समाचार पुराना भएका छैनन् ।

**घटना ६**

गत वर्ष काठमाडौंकै एउटा सरकारी स्कुलको प्रअले गर्भवती शिक्षिकालाई प्रधानाध्यापकले माग गरेको बिदा समेत नदिँदा बच्चा खेर गयो । ती महिला जसले जागिरका कारण अनाहकमा संसार देख्ने अभिलाशा बोकेको बच्चा गुमाइन् । अबउपरान्त ती प्रअप्रति ती पीडित शिक्षिकाले हेर्ने धारणा कस्तो होला ? स्कुलका सम्पूर्ण शिक्षक, विद्यार्थीको अभिभावक हो प्रअ, तर अपशोच आफूले सम्मान गर्ने हाकिमको त्यो व्यवहार ती अभागी आमाले कसरी भुल्न सक्लिन् र ? आफ्नी छोरी, बुहारी त्यो अवस्थामा हुन्थे भने पनि ती प्रअले त्यस्तै व्यवहार गर्थे होला कि फरक ? नीतिगत भन्दा पनि कतिपय अवस्थामा व्यवहारगत कुरा पनि गर्न सक्नुपर्छ । तर किन यति अप्रिय बन्छन् हाकिमहरू ? किन मन पत्थर बनाउँछन् ? कर्मचारीलाई सहजीकरण गर्दिदैमा सर्वस्व जाने होइन नि तै पनि किन यस्तो हर्कत गर्छन ?

**घटना ७.**

बिहे भएको ६ वर्षसम्म बच्चा नभएकी एक जना भाउजु गर्भवती भएपछि घरपायक सरुवा मिलाइदिन आग्रह गरिन्, ती हाकिम भाउजुको मामलामा निकै उदार बने । घरपायक सरुवा गरिदिए । अहिले सुत्केरी बिदामा बसेकी भाउजुले हाकिमको गुनलाई हरपल तारिफ गर्छिन् । भाउजुका दुई जना साथी सुत्केरी बिदा सकिन लाग्दा ठूलै तनावमा परेरे, वेतलवी बिदा माग्न जाँदा समेत बिदा दिएनछन्, तर उनको हकमा हाकिम भगवान बने, यस्ता हाकिम सबैतिर भए कस्तो हुन्थ्यो होला ? निजामती सेवा ऐनमै व्यवस्था गरिएको छ, प्रसूती बिदासँगै ६ महिनासम्म वेतलवी प्रसूती बिदा लिन पाउने भनेर तर हाकिमले बिदा स्वीकृत गरिदिएनन् ।

मेरो आग्रह छ सम्पूर्ण हाकिमसाबहरूलाई कृपया तपाईहरूको बोली, व्यवहार र भोगाइका कारण कुनै पनि कर्मचारी डिप्रेसनमा नपरून्, रुष्ट नहोउन्, सबै कर्मचारीलाई समान व्यवहार गर्दा के बिग्रन्छ र ? केही समयअघि हावर्ड विजनेश स्कुल र स्ट्यानफोर्ड विश्वविद्यालयका शोधकर्ताहरूले गरेको २ सयभन्दा बढी अध्ययनले कार्यालयको कामका सवालमा लिइने तनावले स्वास्थ्यलाई नकारात्मक असर पुर्‍याउने र उक्त असर चुरोटभन्दा बढी हानिकारक हुने देखायो । ७५ प्रतिशत डिप्रेसनको कारक खराब प्रवृत्तिको हाकिम हो भन्ने तथ्य उक्त अध्ययनको निष्कर्ष थियो ।

यदि कुनै कर्मचारी अनावश्यक दबाब दिइराख्ने हाकिमसँग बसेर काम गर्छ भने त्यो कर्मचारीको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्छ भन्ने जिकिर उक्त प्रतिवेदनको थियो । कतिपय कर्मचारीहरू आफूले गर्दै आएको जागिर जाने पिरले पनि तनाव र दबाबमा काम गरिरहेका हुन्छन् । नराम्रो प्रवृत्तिको हाकिम सधैं रिसालु र हिंस्रक प्रवृत्तिका हुन्छन् । आफूले गरेको कामको उदाहरण दिँदै तिमीहरू यत्ति काम पनि गर्न सक्दैनौं भन्दै झर्कन्छन्, रुखो बोल्छन् । हाकिममा आफू मात्रै जान्ने सुन्ने हुँ भन्ने खालको नराम्रो अंहकार हुन्छ । हाकिमको नकारात्मक व्यवहारले कर्मचारीको भविष्यनै खतरामा पर्न सक्छ । तर, यसको विपरीत यदि तपाईंको हाकिम राम्रा छन्, सकारात्मक छन्, कर्मचारीसँग कार्यालयमा राम्रो व्यवहार गर्छन् भने कर्मचारी हरेक काममा सफल बन्न सक्छन् ।

# अमेरिका र तालिवानबीच ऐतिहासिक शान्ति सम्झौता



**काठमाडौं/एजेन्सी-** अमेरिका र तालिवानबीच शान्ति सम्झौतामा हस्ताक्षर भएको छ । अमेरिकाले अफगानिस्तानबाट आफ्ना सैनिक फिर्ता गर्ने सहमति गरेसँगै शनिबार शान्ति सम्झौता भएको हो ।

अमेरिका र तालिबानबीच भएको सम्झौता अन्तर्गत यदि तालिबानले आफ्ना प्रतिबद्धताहरू कायम राखे अमेरिका र उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो) का साझेदारहरूले १४ महिनाभित्र आफ्ना सबै फौजहरूलाई अफगानिस्तानबाट फिर्ता गर्नेछन् ।

कतारमा भएको सम्झौतापछि १८ वर्षभन्दा लामो समयदेखिको द्वन्द्व अन्त्य गरेर अफगानिस्तान शान्तितर्फ उन्मुख हुने आशा गरिएको छ ।

काबुलमा भएको अमेरिका-अफगानबीचको संयुक्त निर्णयमार्फत उक्त घोषणा भएको हो । अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ र तालिबानका नेताहरू उक्त सम्झौता हस्ताक्षर कार्यक्रमका लागि कतार पुगेका थिए ।

सम्झौतामा तालिबान यसअघि 'अमेरिकाको कठपुतली' भन्दै वार्ता गर्न अस्वीकार गर्दै आएको अफगान सरकारसँग वार्ता गर्ने उल्लेख छ ।

सम्झौतामा हस्ताक्षर हुनुअघि अफगानिस्तानमा एक हप्ता लामो युद्धविराम भएको थियो जुन पालना भएको बताइएको छ ।

शान्ति सम्झौतामा हस्ताक्षर हुनुअघि शुक्रवार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानहरूलाई दिगो शान्तिको सम्भावना अँगाल्न आह्वान गरेका थिए ।

अमेरिकी राष्ट्रपति ट्रम्पले शुक्रबार एक विज्ञप्तिमार्फत उक्त सम्झौताले 'अफगानिस्तानमा युद्ध अन्त्यका लागि एउटा शक्तिशाली मार्ग प्रशस्त गर्ने' सम्भावना बोकेको बताएका थिए ।

सन् २०१८ को डिसेम्बर महिनामा तालिबानले 'शान्तिको मार्ग' खोज्ने प्रयासस्वरूप अमेरिकी अधिकारीहरूलाई भेट्ने घोषणा गरेको थियो । तर लडाकुहरूले भने काबुलस्थित सरकारसँग औपचारिक वार्ता गर्न निरन्तर अस्वीकार गर्दै आएका थिए । कतारमा भएको अमेरिका-तालिबानको नौ चरणको वार्तापछि दुवै पक्ष सम्झौताको नजिक पुगेको देखिएको थियो।

सन् २०१९ को सेप्टेम्बरमा वासिङ्टनका वरिष्ठ वार्ताकारले तालिबान लडाकुसँगको सैद्धान्तिक सम्झौताको एउटा हिस्साको रूपमा आफ्ना ५,४०० फौजलाई २० साताभित्र अफगानिस्तानबाट फिर्ता गर्ने घोषणा गरेका थिए। तर त्यसको केही दिनपछि नै राष्ट्रपति ट्रम्पले उक्त वार्ता जीवित नरहेको बताए । तालिबान समूहले आफूहरूले अमेरिकी सेना मारेको स्वीकार गरेपछि राष्ट्रपति ट्रम्पले त्यस्तो बताएका थिए ।

सन् २०११ यता कतारले अफगानिस्तानमा शान्तिबारे छलफल गर्न त्यहाँ पुगेका तालिबान नेताहरूसँग वार्ताको आयोजना गर्दै आएको छ । तर त्यहाँ विचित्रका प्रक्रियाहरू हुँदै आएका छन् ।

# विश्वमै फैलिँदै कोरोनाको त्रास



**काठमाडौं/एजेन्सी-** वैज्ञानिकहरूले कोभिड-१९ नाम दिएको नयाँ कोरोना भाइरसबाट विश्वमा शुक्रबार मध्याह्न सम्ममा दुई हजार ८७३ व्यक्तिको मृत्यु भएको समाचार आएको छ । विश्व स्वास्थ्य सङ्गठनले यस कोभिड-१९ भाइरसको सङ्क्रमण विश्वका ५६ देशमा फैलिएको जनाएको छ । विश्वभर कूल ८३ हजार ८५३ व्यक्तिमा यस भाइरसको सङ्क्रमण भएको बताएको छ । शुरुमा चीनमा मात्र सीमित रहेको यो सङ्क्रमण दक्षिण कोरिया र इरान हुँदै विश्वमा नै फैलिन थालेकाले यस अवस्थालाई विश्व स्वास्थ्य सङ्गठनले नै चिन्तापूर्ण अवस्थाका रूपमा लिएको जनाएको छ ।

कोभिड-१९ को सङ्क्रमण विश्वका विभिन्न मुलुकमा फैलिने क्रम तीव्र हुन थालेपछि यो सङ्क्रमण फैलिएका देशबाट आफ्ना देशमा प्रवेश गर्ने तथा फर्किने नागरिकलाई विश्वका सबै देशले विमानास्थलहरूमा नै व्यापक मात्रामा निगरानी बढाएका छन् । यसबाट विश्वको बाह्य तथा आन्तरिक पर्यटकीय गतिविधिहरू प्रभावित हुनेमात्र होइन कि खासमा पर्यटन कार्यक्रमहरूलाई नै उनीहरूले रोकेका छन् ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले बिहीबार मात्रै विभिन्न सात देशमा कोभिड-१९ को सङ्क्रमणको चिन्ताजनक अवस्था देखिएको पुष्टि गरेको छ । ती बाहेकका पनि विश्वका अरू कैयौँ देशमा यो भाइरस देखिएको छ । ती देशलाई सतर्क रहन उसले चेतावनी पनि दिएको छ । ती देशबाट स्वदेश भित्रिनेलाई रोक लगाउने वा विमानस्थलमा परीक्षणमा कडाइ गर्ने सम्बन्धमा आवश्यक तयारीहरू गर्न र स्वास्थ्यका कार्यक्रमहरूमा कोरोना रोकथामका कार्यक्रमहरू पनि राख्न उक्त सङ्गठनले सम्बद्ध देशका अधिकारीहरूलाई आग्रह पनि गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले जेनेभामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा महानिर्देशक ट्रेडोसमा एडानोम गेहब्रेयससले कुनै पनि मुलुक कोभिड-१९ को खतराबाट मुक्त रहने अवस्था नरहेको खुलासा गरे। उनले यो भाइरस आफ्नो देशमा भित्रिँदैन भनेर कोही पनि बस्न नहुने सुझाव पनि दिए । सोही खतरा बमोजिमको कार्यक्रम र कारवाहीलाई अघि सार्न उनले विश्वका सबै देशलाई आग्रह पनि गरे ।

उनले बिहीबारसम्म दक्षिण कोरियामा दुई हजारभन्दा धेरै र जापानमा सात सयभन्दा धेरैमा यो भाइरसको सङ्क्रमण देखिएको पनि पुष्टि गरे । त्यसैगरी इटालीमा ६५० जनामा भाइरसको सङ्क्रमण पुष्टि भएको समाचार प्राप्त भएको पनि सो अवसरमा उनले खुलासा गरे ।

विश्व स्वास्थ्य सङ्गठनले बेलायतलगायत युरोपका जर्मनी, फ्रान्स, इटाली र स्पेनमा यसको सङ्क्रमण देखिएको जनाएको छ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनका अतिरिक्त दक्षिण कोरिया, इटाली, इरान र जापानमा यो सङ्क्रमण हजारौँ बिरामी रहेका छन् । साथै उक्त सङ्गठनले दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान र श्रीलङ्कामा पनि यसको खतरा रहेको बताएको थियो । ती देशलाई पनि उच्च जोखिमको व्यवस्थापनमा लाग्न आग्रह गरिएको छ ।

उक्त भाइरसको उत्पत्ति भएको भनिएको मुख्य भूमि चीनमा कोरोना भाइरसका कारण शुक्रबारसम्म दुई हजार ७८८ व्यक्तिको मृत्यु भएको छ भने ७८ हजार ८२४ जनालाई सङ्क्रमण पुष्टि भइसकेको छ । बिहीबार साँझ ५ बजेपछि शुक्रबार दिउँसो १ बजेसम्म चीनमा थप ४१ जनाको मृत्यु भएको छ भने ३२७ जना नयाँ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको बताइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वका अन्य मुलुकहरूमा कूल पाँच हजार २९ व्यक्तिमा सङ्क्रमण भएको छ भने चीनबाहेक अन्य मुलुकमा कूल ८५ जनाको मृत्यु भएको छ । विश्वभर यो अवधिमा थप ९६६ जनामा सङ्क्रमण पुष्टि भएको छ ।

चीनपछि सबैभन्दा बढी सङ्क्रमण देखिएका मुलुकहरूमा दक्षिण कोरिया पहिलो हो । दक्षिण कोरियामा शुक्रबार मध्याह्नसम्म दुई हजार ३३७ जनालाई यो भाइरसको पुष्टि भएको छ । दक्षिण कोरियामा थप ५७१ जनामा त गएको २४ घण्टाभित्र सङ्क्रमित भएका छन् । दक्षिण कोरियामा उपचारका क्रममा १३ व्यक्तिको मृत्यु भएको छ। त्यस्तै इटलीमा यस भाइरसका कारण १७ जनाको मृत्यु भइसकेको छ ।

उता इरानमा पनि शुक्रबारसम्म ३४ जनाको मृत्यु भएको सरकारी स्रोतले बताएको थियो । यद्यपि स्वास्थ्य अधिकारीहरूले भने शनिबारसम्म २१० जनाको मृत्यु भएको बताएको छ । जापानको योकोहामास्थित एक पानीजहाजमा ७०० भन्दा बढी व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण भएको पुष्टि भएको छ। जापानका अन्य स्थानमा कूल २१० व्यक्तिमा कोरोना भाइरस देखिएको छ । जापानमा यसबाट आठ जनाको मृत्यु भएको बताइएको छ ।

जापानले आगामी मार्च २ देखि देशैभरिका सार्वजनिक विद्यालयहरू बन्द गर्ने जनाएको छ । प्रधानमन्त्री सिन्जो आबेले त्यहाँका सार्वजनिक विद्यालयहरूलाई अस्थायी रूपमा केही समयका लागि बन्द गर्ने घोषणा गरेका छन् ।


## कतारमा रोजगार | कम्पनी : FRESH START HOSPITALITY AND CLEANING

शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७६/११/०७ चलानी नं.: ६०१५२०४२ LT. No.: 233600 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Labouer | 5 | 0 | स. काममा दक्ष | 900 | २८,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1363/074/075

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Sinamangal, Manpower Bazzar, Kathmandu.
Phone No: 01-4481546 Mob: 98018154083, 9815926684, 9803190690

## मलेशियामा रोजगार | कम्पनी : EMERY OLEOCHEMICALS (M) SDN.BHD.

शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३१५ LT. No.: 233560

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Operator | 150 | 0 | स. काममा दक्ष | 1100 | ३०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Career International Services Pvt. Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौ, फोन : ४००९६४१, ४००९६४३
Email: cisnpl@wlink.com.np, Website: www.cisnepal.com
Govt Lic. No. 646/063/064

## साउदीमा रोजगार | १. कम्पनी: IBRAHIM SHTAIWI MUHAMMED AL BALADI RESTAURANTS TO PROVIDE MEALS

शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/११ चलानी नं.: ६०१५२६७९ LT. No.: 233386

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Chief Assistant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 1200 | ३६,५१६ | | | | | | | |
| 3. | Chef | 1 | 0 | | 2500 | ७६,०७५ | | | | | | | |

२. कम्पनी: TAKFILA RESTAURANT FOR SERVING MEALS शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/०५ चलानी नं.: ६०१५१८५४ LT. No.: 232639

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Waiter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ३९,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chief Assistant | 2 | 0 | | 1500 | ४५,६४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com
Gov. Lic No. 1447/074/075

## साउदीमा रोजगारको अवसर | कम्पनी: BROSTED AL-JUBAIL RESTURANT

शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/११/१५ चलानी नं.: ६०१५२५१० L.T. No.: 233577

इस्टर्न रिजन सेप्टेम्बरमा पाकिस्तानमा हुने भनिएको एसिया कपको छनोटको पहिलो खुड्किलो हो । इस्टर्न रिजनमा नेपाल र मलेसियासहित थाइल्यान्ड, हङकङ, सिंगापुरले प्रतिस्पर्धा गरिरहेका छन् । यसको शीर्ष दुई टोलीले अगस्टमा मलेसियामा हुने एसिया कप छनोटमा प्रतिस्पर्धा गर्न पाउने छ । इस्टर्नको दुई टोली र वेस्टर्न रिजनका शीर्ष दुई टोली यूएई र कुवेतले एसिया कप छनोटमा प्रतिस्पर्धा गर्नेछन् । त्यसको विजेताले भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश रअफगानिस्तानसँग खेल्नेछ । एसिया कप प्रत्येक दुई वर्षमा आयोजना हुन्छ र एक संस्करण एकदिवसीय र अर्को संस्करण ट्वान्टी-२० हुने गरेको छ । यसपालि ट्वान्टी-२० संस्करण हुन लागेको हो ।

कोरोना भाइरसका कारण चीन, भुटान र म्यानमारले नाम फिर्ता लिएपछि इस्टर्न रिजनमा ५राष्ट्रले मात्र प्रतिस्पर्धा गरेका छन् । अब नेपालले आइतबार हङकङसँग, बुधबार आयोजक थाइल्यान्डसँग र शुक्रबार सिंगापुरसँग खेल्ने छ ।

## सन्दीपको टी २० मा १०० विकेट

**काठमाडौं, मस–** लेगस्पिनर सन्दीप लामिछाने टी-२० क्रिकेटमा एक सय विकेट पूरा गर्ने पहिलो नेपाली खेलाडी बनेका छन् । शनिबार इस्टर्न रिजन प्रतियोगिताअन्तर्गत मलेसियाविरुद्ध उनले तीन विकेट लिँदै सय विकेट पूरा गरेका हुन् । शनिबार थाइल्यान्डको बैंककस्थित टेर्डथाई क्रिकेट मैदानमा भएको खेलमा सन्दीपले मलेसियाका विरनदीप जगजित सिंह, अनवर अरुद्दीन र खिजर हायात दुर्रानीको विकेट लिएर कीर्तिमानी बनाएका हुन् । उनले ७५ खेलमा १०२ विकेट लिएका छन् । उनले आफ्नो पहिलो ओभर मेडन राख्दै २ विकेट चड्काएका थिए । भने व्यक्तिगत तेस्रो ओभरमा एक विकेट लिए ।

# बुढासुब्बा गोल्डकपको उपाधि मनाङलाई




**धरान, मस–**बाइसौं संस्करणको बुढासुब्बा गोल्डकप फुटबलको उपाधि मनाङ मर्स्याङ्दी फुटबल क्लबले जितेको छ । धरान रंगशालामा शनिबार भएको फाइनलमा नेपाल पुलिस क्लबलाई ३-१ गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो ।

योसँगै मनाङ तीनै पटकको फाइनलमा पुलिसलाई हराउन सफल भएको छ । यस महिना सम्पन्न ए डिभिजन लिगमा पनि मनाङले पुलिसलाई २-० ले हराएको थियो ।

मनाङको जितमा दयानन्द सिंह, विशाल लिम्बु र विमल रानाले गोल गरेका थिए । पुलिसका लागि भोला सिलवालले पेनाल्टीमा गोल फर्काएका थिए । दयानन्द सिंहको गोलबाट मनाङले अग्रता लिएको थियो । उनले ११ औं मिनेटमा अग्रता दिलाएका थिए । रक्षक सुमन सुवेदी र गोलकिपर सञ्जिव श्रेष्ठको तालमेल अभावमा मनाङले अग्रता हासिल गऱ्यो । सुमनको ब्याक पासमा आएको बललाई सञ्जिवले अघि बढाउन ढिलाई गरेपछि त्यहि बल खोस्दै दयानन्दले गोल गरेका हुन् । बुढासुब्बामा प्रतियोगितामा दायानन्दको यो चौथो गोल हो । ५० औं मिनेटमा विशालले गोल थपे ।

भोलाले ६५ औं मिनेटमा पेनाल्टीमा गोल गरेका थिए । पेनाल्टी एरियामा जुमानु राईलाई मनाङका खेलाडीले लडाएपछि पुलिसले पेनाल्टी पाएको थियो । ६ मिनेटको इन्ज्युरी समयमा विमलले गोल गर्दै मनाङको जित निश्चित गरेका थिए । उपाधिसहित मनाङले १० लाख र पुलिसले ५ लाख रुपैयाँ प्राप्त गरेको छ ।

# सुदूरपश्चिम ११ खप्तड गोल्डकपको फाइनलमा



**धनगढी, मस–** आयोजक सुदूरपश्चिम-११ स्पोर्टस क्लब पहिलो पटक सुदूरपश्चिम अन्तराष्ट्रिय आमन्त्रण सुदुरपश्चिम खप्तड गोल्डकपको फाइनलमा पुगेको छ । धनगढी रंगशालामा शनिवार भएको पहिलो सेमिफाईनलमा विभागीय टीम नेपाल एपीएफ क्लबलाई हराउँदै पहिलो पटक प्रतियोगिताको फाइनलमा पुगेको हो ।

धनगढी रंगशालामा शनिबार भएको पहिलो सेमिफाइनलमा विभागीय टिम एपीएफ क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै आयोजक उपाधि नजिक पुगेको हो । सुदुरपश्चिम-११ को जितमा बिक्रम सिंह ठकुरीले दुई गोल गरे । एपीएफका आशिष लामाले एक गोल फर्काए । रोमान्चक बनेको खेलको तीनै गोल पहिलो हाफमा भएको थियो । घरेलु समर्थकको साथ पाएको सुदुरपश्चिमले एपीएफ विरुद्ध खेलको आठौं मिनेटमा अग्रता बनायो । विक्रमले डिबक्स भित्रबाट उत्कृष्ट गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाए । उनले एपीएफका दुई डिफेन्डरलाई बिट गर्दै गोल गरे । खेलको ११ औं मिनेटमा विक्रमले व्यक्तीगत दोस्रो गोल गर्दै सुदुरपश्चिमलाई २-० को अग्रता दिलाए ।

त्यसपछि खेलको २४ औं मिनेटमा एपीएफका आशिषले गोल गर्दै खेल २-१ मा ल्याए । डिबक्सको अगाडी प्राप्त बललाई आशिषले दुई डिफेन्डर र आयोजकका गोलरक्षक सुजित विसीलाई बिट गर्दै गोल गरे । दोस्रो हाफमा दुवै टोलीले थप गोल गर्न सकेनन् र खेल सुदुरपश्चिमले २-१ ले आफ्नो बनायो । यससँगै सुदुरपश्चिमले पहिलो पटक प्रतियोगिताको फाईनलमा स्थान बनाएको छ । प्रतियोगिताको दोस्रो संस्करणमा भने सुदुरपश्चिम एपीएफसँग नै पराजित भएको थियो । यस पटक भने एपिएफसँग बदला लिँदै सुदुरपश्चिम फाईनल पुग्न सफल भयो । खेलको म्यान अफ दि म्याच सुदुरपश्चिमका विक्रम चुनिए । उनले नगद १० हजार सहित ट्रफी पाए । अब, उपाधिका लागि आयोजक सुदूरपश्चिमले थ्री स्टार र हिमालयन शेर्पा क्लबबीचको विजेतासँग मंगलबार खेल्नेछ ।

# बक्सिङ टोली जोर्डन प्रस्थान

**टोकिया ओलम्पिक–** २०२० अन्तर्गत एयिसन/ओसिएनियन क्षेत्रको छनोट प्रतियोगितामा सहभागी हुन २ खेलाडीसहित ४ सदस्यीय नेपाली टोली शनिबार जोर्डनको अमान प्रस्थान गरेको छ ।

मार्च ३ देखि ११ तारिखसम्म हुने प्रतियोगिताको पुरुष ६३ केजीमा सनिल शाही तथा महिला ५७ केजीमा मिनु गुरुङले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । दुवै १३ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्णधारी हुन् । प्रशिक्षकमा बक्सिङ मुख्य प्रशिक्षक प्रकाश थापा मगर तथा विदेशी प्रशिक्षक अलिशेर राखिमोभ रहेका छन् ।


## साउदीमा रोजगारको अवसर
कम्पनी: URGENT FAST FOOD
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६७६ L.T. No.: 233307

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sandwich Maker (Sandwich) | 1 | 0 | | 1200 | ३६,८५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Janashakti International Services Pvt. Ltd.
Maharajgung, Kathmandu, Tell.: 01-4364020, 9849251278
Email: info.jisnepal@gmail.com, Website: www.janasaktinepal.com
Govt Lic. No. 999/068/069



## Saudi मा रोजगारको अवसर
कम्पनी : MUMTAZ NATIONAL BAKERIES
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५०५२२ LT. No.: 231034

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५५,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २४ र २५ गते (7 & 8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
मोबाईल नं. : ९८५१००२९७६, ९८५११८०९५४
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## साउदीमा रोजगारको अवसर
कम्पनी: YACHT TRADING ESTABLISHMENT
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२५८० L.T. No.: 234044

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Mashareq International Overseas (P) Ltd.
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५



वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



## जस्तो सीप उस्तै रोजगार

मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वासनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३९, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np



## कतारमा रोजगार
कम्पनी : ASHMOUN TRADING AND CONTRACTING.
शहर: QATAR

पुर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६१२ L.T. No.: 233864

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 900 | २८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, नेपाल, श्रम ईजाजत नं. : ६२७/०६३/०६४
फोनः ०१- ४००४५३५, ०१-४००४६९४, ०१-४००४५५२, मो.: ९८०३७४११६२, ९८५१००४१४५, ९८४६३५५३४२
9855051698, 9801003935, 9852674231, 9841754222, 9803741162, 9852054156
E-mail: cv@futuregroup.com.np, web: www.futuregroup.com.np



## मलेशियामा रोजगारको अवसर
कम्पनी : KCP PROJECTS SDN. BHD.
शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६३४ LT. No.: 234301

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ८६२/०६६/०६७
पि.ओ.बक्सः ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोनः ४४८१०४१, ४४९९०९४, फ्याक्सः ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com



## मलेसियामा रोजगार
कम्पनी : HOCK HIN (MUAR) RUBBER CO. SDN BHD
शहर : JOHOR

पूर्व स्वीकृत मितिः २०७६/११/०४ चलानी नं.: ६०१५१७७९ LT. No.: 233352 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्सः ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोनः ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



## मलेसियामा रोजगारको अवसर
कम्पनी: BLESSPLUS SDN BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/१६ चलानी नं.: ६०१५२६०७ L.T. No.: 234020

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1300 | ३५,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २५ गते (8 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Maa Padma Placement Pvt. Ltd.
Govt. Lic No. 936/067/68
Sinamangal, Kathmandu, Tel: 01-4354960, 4354906, Fax : 4354906

## साताको शेयर बजार

# साढे १८ अर्बको कारोवार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

लगातार उकालो लागेको धितोपत्र बजारमा शेयर कारोवार नेप्से परिसूचकले नयाँ इतिहास कायम गरेको छ । साताको चार दिन बजार उच्च अंकले बढ्यो भने एक दिन सामान्य गिरावट भयो । सातामा नेप्से परिसूचक १९७.६० अंकले बढ्यो ।




नेपाल स्टक एक्सचेञ्जका अनुसार साताभर कूल १८० कम्पनीका चार करोड ४९ लाख ४४ हजार ११३ कित्ता शेयर कूल रु १८ अर्ब ६२ करोड ६६ लाख २२ हजार ४०७ मा खरिद बिक्री भए । साताको पहिलो दिन नेप्सेमा उच्च अंकको वृद्धि देखियो । आइतबार नेप्से झण्डै ७० अंकले बढ्यो । 'बुलिस ट्रेन्ड' देखिएको बजारमा नेप्से ६९.५६ ले वृद्धि भएर एक हजार ५०४.१४ मा पुग्यो ।

लामो समयपछि बजारमा आइतबार 'सर्किट ब्रेक'समेत लगाउनुपर्‍यो । लगानीकर्ता ओइरिएर शेयरको माग उच्च भएपछि नेप्सेमा चर्को दबाब पर्न गयो । सोही कारण कारोवार शुरु भएको दोस्रो घण्टामा नै सर्किट ब्रेक लगाउनुपरेको थियो । सो दिन कूल १७८ कम्पनीका ८७ लाख ६९ हजार ५२२ कित्ता शेयर रु तीन अर्ब ६० करोड ८५ लाख २६ हजार ३५४ मूल्यमा खरिद बिक्री भए ।

साताको दोस्रो दिन नेप्सेमा सामान्य गिरावट आयो । सोमबार नेप्से १.९६ ले घट्यो । नेप्से झिनो अंकले घटे पनि कारोवार रकम भने तीन अर्ब माथि रह्यो । सो दिन कूल १७९ कम्पनीका कूल ८३ लाख ४८ हजार २३४ कित्ता शेयर रु तीन अर्ब ४१ करोड पाँच लाख १६ हजार २७८ बराबरको कारोवार भए ।

सोमबार केही गतिरोध आएको बजारमा मंगलबार भने भारी सुधार देखियो । उक्त दिन नेप्से ४३.०२ ले बढ्यो । नेप्सेको उच्च अंकको वृद्धिसँगै कारोवार रकममा समेत वृद्धि भयो । कूल १८० कम्पनीका ७० लाख ५९ हजार ७१२ कित्ता शेयर रु दुई अर्ब ९९ करोड २१ लाख ६० हजार ५२४ मूल्य बराबरको शेयर खरिदक्रिी भए ।


धितोपत्र बजारमा नेप्से परिसूचकमा उच्च वृद्धि हुनेक्रम बुधबार पनि जारी रह्यो । सो दिन नेप्से परिसूचक ५०.९३ अंक बढ्यो । बुधबार कूल १८० कम्पनीका ९९ लाख छ हजार ९८९ किता शेयर रु चार अर्ब १५ करोड ४८ लाख ८३ हजारमा कारोबार भए ।

साताको अन्तिम दिन नेप्से ३६.०५ अंकले बढेर एक हजार ६३२.१७ मा पुगेर रोकियो । नेप्सेमा भारी वृद्धि हुँदा कारोवार रकम झण्डै साढे चार अर्ब पुग्यो । बिहीबार कूल १८० कम्पनीका एक करोड आठ लाख ५९ हजार ६५६ कित्ता शेयर रु चार अर्ब ४६ करोड पाँच लाख ३६ हजार २५१ मा खरिद बिक्री भए ।

## कोरोनाका कारण रोकियो टोखा महोत्सव

**काठमाडौं/मस**–टोखा नगर महोत्सव अन्तिममा आएर स्थगित भएको छ । विश्वभर फैलँदै गएको कारोना भाइरस संक्रमणलाई देखाउँदै नगरपालिकाले महोत्सव स्थगन गरेको हो ।

नगरपालिकाले सरकारले घोषणा गरेको नेपाल पर्यटन वर्ष २०२० लाई लक्ष्य गर्दै यही फागुन २३-२५ सम्म ३ दिन टोखा नगर महोत्सव गर्ने तयारी गरेको थियो । नगरपालिकाका अनुसार, टोखा क्षेत्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्व बोकेका क्षेत्र चिनाउने उद्देश्यका साथ आयोजना गर्न लागिएको महोत्सवको तयारी करिब अन्तिम चरणमा पुगेको थियो ।



तर, विश्वभर फैलिरहेको कोरोना भाइरसलाई देखाउँदै नगरपालिकाले महोत्सव स्थगन गरेको जनाएको छ । 'हाल विश्वभरि महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस संक्रमण नियन्त्रणमा नआइसकेको अवस्थालाई मध्यनजर गर्दै विश्व स्वास्थ्य संगठनले जारी गरेको सूचना अनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेको भनाइ प्रचार प्रसारमा आइरहेको हुँदा हाललाई सो महोत्सव कार्यक्रम स्थगन गरिएको जानकारी गराउँछौं,' नगरपालिकाद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ ।

स्थगित गरिएको महोत्सव कहिले हुन्छ भन्नेबारे भने नगरपालिकाले केही खुलाएको छैन । उपयुक्त समयमा स्थगित महोत्सव सञ्चालन हुने नगरपालिकाको भनाइ छ ।

## पशु बीमा अनुदान कार्यक्रमको निरन्तरता

**काठमाडौं/मस**-सरकारले व्यवसायीक किसानहरुको प्रोत्साहनका लागि अघि सारेका कार्यक्रमहरुलाई निरन्तरता दिएको जनाएको छ । शनिबार राजधानीमा भएको 'पशुपंक्षी पालक व्यवसायिक कृषि क्षेत्रमा रहेका अवसर र चुनौती' विषयक अन्तरक्रियामा पशु सेवा विभागका वरिष्ठ पशु चिकित्सक डा. चन्द्र ढकालले पशु बीमामा अनुदान लगायतका कार्यक्रमहरुमा निरन्तरता दिएको बताए ।

अहिलेसम्म सरकारले १ अर्ब रुपैयाँ विमान अनुदानका लागि भूक्तानी गरिसकेको छ । २५ अर्ब बराबरको बीमा भएकोमा २२ अर्ब बराबरको बीमा पशुपंक्षीको मात्रै भएको उनले बताए ।

सरकारले पशुको क्षति न्युनिकरणका लागि पशु बीमा अनुदानको रुपमा ७५ प्रतिशत अनुदान दिँदै आएको छ । व्यवसायीक किसानहरुलाई कुनै पनि प्रकारको गाडी खरिदमा भन्सार छुट दिएको छ । १ सय भन्दा बढी गाईभैसी पालिरहेका किसानहरुले यो अनुदान पाउने उनले बताए ।

पशु सेवा विभागका महानिर्देशक डा. बंशी शर्माले सरकारले बाहिरबाट आउने पशुपंक्षीलाई क्वारेन्टाइन चेकजाँचमा कडाई गरिएको बताए । क्वारेन्टाइन पास भएका पशुपंक्षीमात्रै भित्र्याउने गरी सरकारले कदम चालेपछि अहिले बाख्रापालन गर्ने किसानहरु बढेका छन् ।

बाहिरबाट आउने पशुहरुसँगै कुनै पनि प्रकारको रोग नआवस भन्नेतर्फ सरकार सजग रहेको उनले बताए । कृषि तथा पशुपालन क्षेत्रका व्यवसायिक किसानहरु पहिलो पटक संगठित भएका हुन् । नव निलहरी मिश्रीत कृषि समूह मध्यपुर र चम्पादेवी कृषि समूह मनोहराले व्यवसायिक किसानहरुलाई संगठित गरेको हो ।

शनिबार पशुपंक्षी पालक व्यवसायिक कृषि क्षेत्रमा रहेका अवशर र चुनौती विषयक अन्तरत्रिरयामा सहभागी किसानहरुले आफ्नो समस्याहरु सुनाएका थिए ।

## राष्ट्रिय गौरवका आयोजनाको गति बढाउँदै सरकार




**काठमाडौं/रासस**– सरकारले राष्ट्रिय गौरवका आयोजनाको पूर्वाधार विकासका कामलाई तीव्रता दिएको छ । मध्यपहाडी राजमार्ग, हुलाकी सडक, उत्तरदक्षिण राजमार्ग, गल्छी-रसुवागढी सडक, मदन भण्डारी राजमार्ग, कालिगण्डकी करिडोरलगायत आयोजनाको पूर्वाधार निर्माणमा सरकारले विशेष चासोका साथ काम गरिरहेको छ ।

सात महिनामा सडक विभागअन्तर्गत सञ्चालित आयोजनामा २४.१३ प्रतिशत पूँजीगत खर्च गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सङ्गठन सुधार र नीतिगत व्यवस्थापनलाई चुस्त पार्दै सञ्चालित आयोजनाको भौतिक प्रगतिलाई परिणाममुखी बनाउन लागेको छ । समृद्धिको आधार नै पूर्वाधार भएको उल्लेख गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले राष्ट्रिय गौरवका आयोजनाको पूर्वाधार निर्माण कार्य तीव्रत्तररुपमा अघि बढेको जानकारी दिए ।

सङ्घीयता कार्यान्वयनसँगै केही सडक प्रदेश र स्थानीय सरकारको क्षेत्रमा परे पनि ८० मार्गको १५ हजार किलोमिटर सडक क्षेत्र हेर्ने जिम्मेवारी मन्त्रालयको छ । मन्त्रालयअन्तर्गत ३३ सडक डिभिजन कार्यालय छन् । आवश्यकमात्रामा कर्मचारी नहुँदा केही समस्या भने यथावत् रहेको मन्त्रालयले जनाएको छ । कतिपय काम एउटा मन्त्रालयले मात्रै गर्न नसक्ने भएकाले अन्तरमन्त्रालयबीच समन्वय गरी आयोजनालाई गति दिने काम जारी रहेको जनाइएको छ ।

आफू मन्त्री भएपछिको १०० दिनमा मध्यपहाडी राजमार्गअन्तर्गत १८ किलोमिटर सडक कालोपत्र गरिएको, छ पुल निर्माण सम्पन्न भएका, आठ पुल निर्माणाधीन रहेका तथा आठ पुल निर्माणको चरणमा रहेका जानकारी दिँदै मन्त्री नेम्वाङले महत्वपूर्ण आयोजना हुलाकी सडकअन्तर्गत ४८ किलोमिटर सडक निर्माण सम्पन्न भएको बताए । हुलाकी सडक क्षेत्रमा पाँच पुलसमेत निर्माण सम्पन्न भएका छन् ।

उत्तरदक्षिण राजमार्गअन्तर्गत कालिगण्डकी करिडोरमा ३३ किलोमिटर सडक ग्राभेल गरिएको र तीन पुल बनेका छन् । कर्णाली राजमार्गमा थप छ किलोमिटर ट्र्याक खोलेको र कोशी करिडोरमा द्रुतगतिमा सडक स्तरोन्नतिको काम जारी रहेको मन्त्री नेम्वाङले बताए । मन्त्री भएपछिका तीन महिनाको अवधिमा स्थानीय सडकमा पर्ने ४० पुल निर्माण गरिएको उनले बताए

गल्छी-त्रिशूली-स्याफ्रुबेंसी-रसुवागढी सडकखण्डमा छ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ । पूर्व झापाको बाहुनडाँगीदेखि पश्चिम डडेलधुरा जोड्ने मदन भण्डारी राजमार्गअन्तर्गत यस अवधिमा २६ किलोमिटर सडक र ११ पुल निर्माण भएका जनाइएको छ । भारतीय नाकाबाट पूर्वपश्चिम राजमार्ग जोड्ने व्यापारिक मार्ग विस्तार आयोजनाको कामसमेत सरकारले तीव्ररुपमा अघि बढाएको छ ।

मन्त्री नेम्वाङले भने, 'गौरवका आयोजनाबाहेक मुलुकभर सञ्चालनमा रहेका आयोजना, सडक पूर्वाधार विकास र तराई-मधेश सडक पूर्वाधार विशेष कार्यक्रमतर्फ मात्रै सय दिनको अवधिमा २०० किलोमिटर सडक कालोपत्र भएको छ, १३० किलोमिटर ग्राभेल भएको र ६९ किलोमिटर नयाँ ट्र्याक खोलिएको छ ।'

प्रगति विवरण सुनाउँदै मन्त्री नेम्वाङले तीन वर्षमा निर्माण सक्ने योजनाका साथ नागढुङ्गा-नौबिसे सुरुङमार्गको काम थालिएको र सिद्धार्थ राजमार्गको सिद्धबाबा क्षेत्रमा पनि सुरुङमार्गको डिजाइन तयार पारी ठेक्काको चरणमा गएको जानकारी दिए । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक सुरुङमार्गको युगमा प्रवेश गरेको यसअघि बताइसकेका छन् । आफूले कार्यभार सम्हालेको १०० दिन पुगेका अवसरमा आज सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री नेम्वाङले सडक सुरक्षालाईसमेत सरकारले विशेष ध्यान दिएको बताए ।

यात्रु रिफ्रेसमेन्ट सेन्टर बनाइँदै

सरकारले सडक सुरक्षा र यात्रुको सहजतालाई पहिलो पटक 'यात्रु रिफ्रेसमेन्ट सेन्टर' सञ्चालन गर्दैछ । पहिलो चरणमा कपिलवस्तुको बुद्धभूमि नगरपालिका- २ गोरुसिङ्गेमा यात्रु रिफ्रेसमेन्ट सेन्टर स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आवश्यक खरिद प्रक्रिया थालिएको छ ।

दैलेखको आठबीस गाउँपालिकास्थित राकम (कर्णाली लोकमार्ग) मा पनि रिफ्रेसमेन्ट सेन्टर निर्माणका लागि आवश्यक डिजाइनको काम सम्पन्न भएको मन्त्रालयले जनाएको छ । सेन्टर स्थापना भएपछि सवारी दुर्घटनामा न्यूनीकरण हुने विश्वास गरिएको मन्त्री नेम्वाङले बताए ।

उनका अनुसार सार्वजनिक सवारी साधनको नियमन गर्न सरकारले प्रविधिको प्रयोग गरी 'भेइकल ट्राकिङ सिष्टम' कार्यान्वयनका लागि प्रक्रिया थालेको छ । सवारीको अत्यधिक भारका कारण दुर्घटना निम्तिरहेका सन्दर्भमा सरकारले त्यसलाई नियन्त्रणका लागि चितवनको जुगेडी र बर्दिवासमा तौल पुल स्थापना गर्न लागेको छ ।

## आईभोमीका चार वटा ब्रान्डको मोबाइल नेपाली बजारमा



**काठमाडौं/मस**- नेपालको आधिकारीक बिक्रेता प्राइड इम्पोर्ट एक्सपोर्ट ट्रेड प्रालीले आईभोमीका चार वटा नयाँ ब्रान्डको मोबाइल नेपाली बजारमा ल्याएको छ । शुक्रबार कम्पनीले चारवटा नयाँ ब्रान्डको मोबाइल सार्वजनिक गरेको हो। हालसम्म आईभोमीले ८ वटा मोडल बजारमा उपलब्ध गराएको छ ।

कम्पनीले आईभी १०१, आई १, आई १ एस र आई २ मोडलको मोबाइल सार्वजनिक गरेको हो । मोबाइलको एक हजारदेखि १७ सयसम्म मूल्य रहेको छ । बजारमा आएका नयाँ मोडलको मोबाइलमा नयाँ प्याकिगं को साथमा २ मिटर लामो चार्जिगं तारको साथसाथै प्रत्येक मोडलमा केही न केही नयाँ कुरा राखेको कम्पनीको दावी छ ।

बलियो डिलर नेटवर्क र स्मार्टसेल्स टिमले गर्दा अब केही महिनामै आईभोमीले नेपालमा राम्रो स्थान ओगट्ने कुरामा कम्पनी विश्वस्त रहेको नेपालका लागि कन्ट्री म्यानेजर विनय जोशीले बताए । कम्पनीले आईभोमी मोबाइल भारत, नेपाल, बंगलादेश, फिलिपिन्स यु एई र केही अफ्रिकी देशहरुमा आफ्नो व्यापार सुरु गरिसकेको अध्यक्ष दिनेश श्रेष्ठले बताए ।

आईभोमीले चारवर्ष पहिले चीनबाट इलेक्ट्रोनिक्स सामान उत्पादन सुरु गरेको हो । यो ब्रान्डको उद्देश्य धेरै सुविधा भएको गुणस्तरीय सामानहरुलाई सस्तो मुल्यमा बजारमा ल्याउनु रहेको छ ।

पत्रकार सम्मलेनमा कम्पनीका नेशनल सेल्स म्यानेजर झविन्द्र भण्डारीले आईभी ब्रान्डले नेपाली बजारमा मोवाइल फोन मात्र नभएर मोबाइल एसोसेरिज मल्टिमिडिया स्पिकर र इलेक्ट्रोनिक्स गाडी चाँडै नै ल्याउने जानकारी दिए ।

उनले भने, 'दीर्घकालीन लक्ष्यहरुको साथमा ब्रान्डलाई अगाडि बढाउनको लागि मुख्य ध्यान सर्भिसमा पनि दिइएको छ । यसको लागि नेपालको विभिन्न स्थानमा २६ सर्भिस सेन्टर छन् ।' कम्पनीको आगामी ६ महिनामा विभिन्न फिचरको १० भन्दा बढी मोडलका मोबाइल बजारमा ल्याउने अपेक्षा गरेको छ ।

## एनएमबी बैंकले धाङ्सीखोला जलविद्युत्मा लगानी गर्ने

**काठमाडौं/मस**– एनएमबी बैंकले धाङ्सी खोला जलविद्युत् आयोजनामा लगानी गर्ने भएको छ । बैंकले रोल्पा लगानी सम्मेलन २०७६ का क्रममा धाङ्सी खोला जलविद्युत् आयोजनाको लागि लगानीलगायत सबै किसिमका बैंकिङ सेवा उपलब्ध गराउने सम्झौतापत्रमा हस्ताक्षर गरेको छ ।

सम्झौतामा एनएमबी बैंकका प्रमुख व्यवसाय तथा रणनीति अधिकृत सुदेश उपाध्याय र रोल्पा नगरपालिकाका प्रमुख पूर्ण केसीले हस्ताक्षर गरे । हस्ताक्षर कार्याक्रममा ऊर्जा तथा जलस्रोत मन्त्री वर्षमान पुन, एनएमबी बैंकका अध्यक्ष पवन कुमार गोल्यान, बैंक सञ्चालक समितिका सदस्य राजेन्द्र काफ्ले तथा रोल्पा उद्योग वाणिज्य संघका अध्यक्ष



विश्वकुमार चन्द लगायतको उपस्थिति थियो ।

उक्त सम्झौता देशको दिगो विकासर्तफ बैंकले लिएको दीर्घकालीन रणनीति अन्तर्गत रहेको बैंकले जनाएको छ । जलविद्युत्ले ऊर्जा आत्मनिर्भरताका लागि महत्वपूर्ण भूमिका निर्वाह विश्वास बैंकले लिएको छ ।

यस आयोजनाले स्थानीय समुदायको ऊर्जा आवश्यकता सम्बोधन गर्न तथा यस क्षेत्रमा अझ बढी आर्थिक गतिविधि बढाउन सक्षम तुल्याउनेछ । बैंकले मुलुकलाई ऊर्जा उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गराउन विभिन्न जलविद्युत् तथा नवीकरणीय ऊर्जाका आयोजनाहरूमा लगानी गर्दै आएको जनाएको छ ।

## किसानलाई आधुनिक कृषि औजार वितरण

**कञ्चनपुर/मस**- कृष्णापुर नगरपालिका-१ सुन्दरीफाँटाका किसानलाई ५० प्रतिशत अनुदानमा रु नौ लाख ५० हजार मूल्य बराबरका कृषि औजार र मिनीटिलर (हाते ट्र्याक्टर) उपलब्ध गराइएको छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाअर्न्तगत नमूना बचत कृषक तरकारी पकेट समितिलाई सो मूल्य बराबरको कृषि औजार र मिनिटिलर उपलब्ध गराइएको हो ।

समितिका सचिव गयाप्रसाद चौधरीका अनुसार परियोजना अर्न्तगत समितिलाई तीन वटा २२ हर्स पावरका मिनीटिलर, आधुनिक तरिकाले तरकारी खेती गर्न १०



वटा पोलिहाउस, १५ वटा इलेक्ट्रि स्प्रे टङ्की, उत्पादीत तरकारी राख्न प्रयोग हुने ९० वटा क्रेट, रु एक लाख मूल्य बराबरका उन्नतजातको तरकारीको बीउ र रु ४५ हजार मूल्य बराबरको सुक्ष्म तत्व उपलब्ध गराइएको छ । कृषि औजार, पावरटिलर, बीउविजन, पोलिहाउसका लागि समितिले रु चार लाख ५० हजार र परियोजनाले रु पाँच लाख रकम लगानी गरेको छ ।

समितिमा ३१ किसान आवद्ध छन । ती किसानले अग्र्यानिक तरिकाले बाह्रै महिना तरकारी खेती गर्दै आएका छन् । यस क्षेत्रका किसानले १५ बिघा बढी जग्गामा तरकारी खेती गरेका छन् । तरकारी खेतीका लागि सुन्दरीफाँटा अग्रणी रहेको छ ।










प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**